# लेखापरीक्षण प्रतिवेदन

## तमानखोला गाउँपालिका, बाग्लुङ

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# तमानखोला गाउँपालिका, बाग्लुङ

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| **स्वतन्त्रता** | *(Independence)* |
| **निष्ठा** | *(Integrity)* |
| **पारदर्शिता** | *(Transparency)* |
| **जवाफदेहिता** | *(Accountability)* |
| **व्यावसायिकता** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
## प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
## काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/87

श्रीमान् अध्यक्षज्यू,
तमानखोला गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, बाग्लुङ

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको बेहोरा जानकारीका लागि अनुरोध छ।

( श्याम प्रसाद भण्डारी )
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/87

**स्थानीय तहको रायसहितको प्रतिवेदन**

श्री अध्यक्षज्यू ,
तमानखोला गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय
बाग्लुङ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाटपेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमाअन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष, .लगायतकाकारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय-व्यय रु.६९ करोड ६९ लाख ३ हजार लेखापरीक्षण गरिएकोमा रु.७ लाख १२ हजार (०.१० प्रतिशत) बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.७ लाख ३८ हजारको प्रतिक्रियाबाट फस्र्योट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने १० हजार, नियमित गर्नुपर्ने रु.४ लाख ७७ हजार र प्रमाण कागजात पेस गर्नुपर्ने रु.२ लाख २५ हजार रहेको छ। गत वर्षसम्म रु.६ करोड ५२ लाख ८४ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.४ करोड ४९ लाख ४५ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ९१ | ४२ | १४,५०,५३२ | ० | १३ | ७,३८,११२ | ० | ९१ | २९ | ७,१२,४२० | १०,००० | ४,७७,४२० | २,२५,००० | ० | ० | ७,०२,४२० | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बाग्लुङ | ६,५२,८४,३७१ | | २,१०,५१,७०८ | ४,४२,३२,६६३ | ० | ७,१२,४२० | ४,४९,४५,०८३ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|
| **प्रारम्भिक प्रतिवेदन उपरको प्रतिक्रियाबाट सम्परीक्षण भएको** | | | |
| १ | २०८१/८२ | सामाजिक सुरक्षा भत्ता वितरण तर्फः | १,२५,६३९ |
| २ | २०८१/८२ | शिक्षा तर्फः | ४,९३,९८३ |
| ३ | २०८१/८२ | महिलाको लागि उद्धोषण सिप विकास कार्यक्रम : | १२,००० |
| ४ | २०८१/८२ | पदाधिकारी बिमा: | २०,००० |
| | | | |

| | | | |
|---|---|---|---|
| ५ | २०८१/८२ | खर्चको पुष्टयाई नभएको : | ८६,४९० |
| | | **जम्मा** | ७,३८,११२ |
| **गत विगत वर्षहरूको सम्परीक्षण** | | | |
| ६ | २०८०/८१ | शिक्षा तर्फः | १,७९,००० |
| ७ | २०८०/८१ | गाउँपालिका पूँजीगत: | २,३८,३२२ |
| ८ | २०८०/८१ | कृषि तथा पशुतर्फः | २१,६२,६१५ |
| ९ | २०८०/८१ | उपभोक्ता समिति मार्फत खरिदः | ७२,००,००० |
| १० | २०७९/८० | मुल्य अभिबृद्धि कर | ३,५९६ |
| ११ | २०७९/८० | बिल भरपाई नभएको | ५५,००० |
| १२ | २०७९/८० | प्रविधि हस्तान्तरण | ४७,०४२ |
| १३ | २०७९/८० | नाफामुलक संस्थालाई अनुदान | १०,९५,२३४ |
| १४ | २०७९/८० | नम्स भन्दा बढी भुक्तानी | २,३६३ |
| १५ | २०७९/८० | जालीको प्रयोग नखुलेको | ११,२४,७३४ |
| १६ | २०७९/८० | कार्यालयको काम उपभोक्ता समितिमार्फत गराएकोः | ७,९९,५१८ |
| १७ | २०७९/८० | अग्रिम करः | २५,८५३ |
| १८ | २०७८/७९ | बढी भुक्तानी | ७,५१,४३६ |
| १९ | २०७८/७९ | पूर्वनिर्धारित क्षतिपूर्ति | १०,४०० |
| २० | २०७८/७९ | दरबन्दी बेगर तलव | ८,१९,००० |
| २१ | २०७८/७९ | डि.पि.आर. | ९,९८,३५५ |
| २२ | २०७८/७९ | कर्मचारी कल्याण कोष | १०,००,००० |
| २३ | २०७८/७९ | अनुगमन प्रतिवेदन | १९,५०,००० |
| २४ | २०७८/७९ | अध्यक्ष फार्मेसी | ४,०२,६०० |
| २५ | २०७७/७८ | छात्रवृति | २४,६४० |
| २६ | २०७७/७८ | गत आवको भुक्तानी | २,४२,००० |
| | | | |

| | | | |
|---|---|---|---|
| २७ | २०७७/७८ | कार्यालयको काम उपभोक्ता समितिवाट गराएको | १९,२०,००० |
| **जम्मा** | | | २,१०,५१,७०८ |
| **कूल जम्मा** | | | **२,१७,८९,८२०** |

# तमानखोला गाउँपालिका, बाग्लुङ

# ( ८०४४५५०२३०० )

# तमानखोला गाउँपालिका , बाग्लुङ

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ६ वडा रहेको छ भने क्षेत्रफल १७८.०२ वर्ग किलोमिटर तथा ९९८२ जनसंख्या र २६११ घरधुरी रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, बित्तिय व्यबस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई बित्तिय व्यबस्थापन समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।८।१ देखि २०८२।८।४ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** यस वर्ष पालिकाको आय-व्यय तर्फ रु. ६९ करोड ६९ लाख ३ हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची - २ मा संलग्न छन् ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा उपाध्यक्ष हिरा कुमारी छन्त्यालले मिति २०८१/१०/०३ गते ३१ करोड ६२ लाख ५५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१/०३/१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिने कार्यलाई निरन्तरता दिनुपर्दछ।

३ **सहकारीको नियमनः**

**सहकारी नियमनः** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाईयो । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

४ **कानून निर्माण एवम् कार्यान्वयन**

४.१ **कानून कार्यान्वयन स्थिति:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रहि नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासनबाट ५२ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २१ वटा ऐन, ४ वटा नियमावली, ५० कार्यविधि, १ मापदण्ड लगायत ७६ वटा कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। केही डिजिटल राजपत्रमा प्रकाशन गरेको पाईयो । केही कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । कतिपय स्थानीय कानूनहरु संघीय र प्रदेश कानूनसँग प्रतिकूल समेत देखिएकाले स्थानीय कानून तर्जुमा गर्दा संघीय र प्रदेश कानुनसँग अनुकूल गर्ने/गराउने तर्फ ध्यान दिनुपर्दछ।

४.२ **न्यायिक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। यसैगरी ऐनको ३३(२) मा उजुरीको जाँझबुझ गरी ३० दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले अनुमति दिन सक्ने तथा ऐनको दफा ३७ मा अध्यक्षसँग उजुरी दिन सक्ने प्रकृति अनुसार यथाशीघ्र निर्देशन व्यवस्था रहेको छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन थप बाँकी नरहेको यो वर्ष १७ वटा विवाह दर्ता भएकोमा १५ वटा मात्र फछ्र्यौट भई २ वटा फछ्र्यौट हुन बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

| निर्णयकर्ता | गतवर्ष सम्मको विवाद | यसवर्ष दर्ता भएको | जम्मा | यसवर्ष फछ्र्यौट भएको विवाद | यसवर्षको फछ्र्यौट हुन बाँकी विवाद |
|---|---|---|---|---|---|
| न्यायिकसमिति | ० | १७ | १७ | १५ | २ |

## ५ आर्थिक विवरण र अभिलेखः

५.१ **वित्तीय प्रतिवेदनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण देहाय अनुसार रहेको छ भने स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनूसूचीमा सम्लग्न गरिएको छ ।

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| **१. सुरु मौज्दात** | **३६११७१४३.६३** | | **१. चालु खर्च** | **१७७९२२२८५.६३** | |
| क. संचित कोष | ३१५२६२९७.५९ | | क. पालिका तर्फ | ७१४९०४९४.७९ | |
| ख. धरौटी | २६२५४२०.१२ | | ख. संघीय सशर्त | ९७२५००८५.८४ | |
| ग. प्रकोप व्यवस्थापन कोष | १९५१०३.५४ | | ग. संघीय विशेष | ९१८१७०५.०० | |
| घ. कर्मचारी कल्याण कोष | ९००००.०० | | घ. प्रदेश सशर्त | ०.०० | |
| ङ. विविध खर्च खाता | ८७०३२२.३८ | | | | |
| **२. यसवर्षको आय** | **३२३०६५७.७७** | | ङ. प्रदेश विशेष | ०.०० | |
| क. आन्तरिक आय | ३२३०६५७.७७ | | **२. पुँजीगत खर्च** | **७१४२२७३०.११** | |
| **3. वित्तीय हस्तान्तरण (संघ)** | **२५६४१८२५९.५२** | | क. पालिका तर्फ | ६१०८७८०३.११ | |
| क.समानीकरण अनुदान | ६३८६४९६०.०० | | ख. संघीय सशर्त | ३२२९२९९.०० | |
| ख. राजस्व बाँडफाँट | ६३५५६७५५.२४ | | ग. संघीय विशेष | ०.०० | |
| ग. सशर्त अनुदान | ११९१९४५०० | | घ. संघीय समपुरक | ०.०० | |
| घ. समपुरक अनुदान | ०.०० | | ङ. प्रदेश सशर्त | ०.०० | |
| ङ. विशेष अनुदान | ९६७३६९८.०० | | च. प्रदेश विशेष | ३१३५३०३.०० | |
| च. रोयल्टी | १२८३४६.२८ | | छ. प्रदेश समपुरक | ३९७०३२५.०० | |
| छ. अन्य | | | **३. अन्तरसरकारी अख्तियारी (संघ)** | **७२०११८७५.००** | |
| **४. वित्तीय हस्तान्तरण (प्रदेश)** | **१७३८९७६६.६३** | | क. सामाजिक सुरक्षा | ७१६८५३०५.०० | |
| क. समानीकरण अनुदान | ७०८६००० | | ख. रोजगार प्रवर्द्धन कार्यक्रम | २३६५७०.०० | |
| ख. राजस्व बाँडफाँट | ३१७९५३३.६३ | | **ग. स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम** | ९००००.०० | |
| ग. सशर्त अनुदान | ०.०० | | **४. अन्तरसरकारी अख्तियारी (प्रदेश)** | **१५००००.००** | |
| घ. समपुरक अनुदान | ३९७४७४८.०० | | **५. ऋण फिर्ता (साँवा)** | ० | |
| ङ. विशेष अनुदान | ३१४९४८५.०० | | **६. ऋणको ब्याज भुक्तानी** | ० | |
| च. रोयल्टी | ०.०० | | **७. धरौटी फिर्ता तथा** | **७५१३६५.००** | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | **सदरस्याहा** | | |
| छ. अन्य | ०.०० | | **८. कार्यसञ्चालन कोषबाट भएको खर्च** | **२८६३९५०.००** | |
| **५.अन्तरसरकारी अख्तियारी (संघ)** | **७२०११८७५.००** | | **९. अन्य कोषबाट भएको खर्च** | **०.००** | |
| क. सामाजिक सुरक्षा | ७१६८५३०५.०० | | **१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना** | **०.००** | |
| ख. स्वास्थ्य सुधार कार्यक्रम | ९००००.०० | | **११. अन्य सहयोगमा सञ्चालित योजना** | **०.००** | |
| ग) रोजगार प्रवर्द्धन कार्यक्रम | २३६५७०.०० | | **१२. अन्य खर्च भएमा** | **०.००** | |
| **६. अन्तरसरकारी अख्तियारी (प्रदेश)** | **१५००००.००** | | **१३. अनुदान फिर्ता** | **१९२२५७१३.१६** | |
| **७. ऋण/वित्तीय व्यवस्था** | **०.००** | | अ. संघ तर्फ | १९२०७१०८.१६ | |
| **८. धरौटी आय** | **१९९२७९५.००** | | क. सशर्त अनुदान | १८७१५११५.१६ | |
| **९. कार्यसञ्चालन कोष आय** | **११९८३०७.३८** | | ख. विशेष अनुदान | ४९१९९३.०० | |
| क. प्रकोप व्यवस्थापन कोष | ०.०० | | | | |
| ख. विविध खर्च खाता | ११९८३०७.३८ | | | | |
| **१०. अन्य कोषको आय** | **०.००** | | ग. समपुरक अनुदान | **०.००** | |
| **११. गैरसरकारी संस्थाबाट सञ्चालित योजना** | **०.००** | | आ. प्रदेश तर्फ | १८६०५.०० | |
| **१२. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना** | **०.००** | | क. सशर्त अनुदान | ०.०० | |
| **१३. अन्य आय भएमा** | **१६३०६६.९६** | | ख. विशेष अनुदान | १४१८२ | |
| | | | ग. समपुरक अनुदान | ४४२३.०० | |
| | | | **१४. अन्तिम मौज्दात** | **४४३२३९५२.९९** | |
| | | | क. संचित कोषको मौज्दात | ३७५९८५१९.५७ | |
| | | | ख. धरौटी | ३८६६८५०.१२ | |
| | | | ग. प्रकोप व्यवस्थापन कोष | ११३८८७०.५४ | |
| | | | घ. कर्मचारी कल्याण कोष (विविधकोषखाता) | ९०००००.०० | |
| | | | ङ. विविध खर्च खाता | ८१९७१२.७६ | |
| **जम्मा** | **३८८६७१८७१.८९** | | **जम्मा** | **३८८६७१८७१.८९** | |

(विस्तृत विवरण बेरूजु दफा ५.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

५.२ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा संरक्षणको रु. ७१६८५३०५, स्वास्थ्य सुधार कार्यक्रमको रु. ९०००० र रोजगार प्रवर्द्धन कार्यक्रम रु. २३६५६० गरी जम्मा रु. ७२०११८७५ सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन।

५.३ **फरक हिसाबः** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी नभएको यस वर्षको प्राप्ति रु. २४३९७३५.३०, यस वर्षको भुक्तानी रु. ३०५१५०.० र बैङ्क मौज्दात रु. ४२१८९३६५.४१ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| **विवरण** | **गत वर्षको जिम्मेवारी** | **यस वर्षको प्राप्ति** | **यस वर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ३६११७१४३.६३ | २५७९७६०३७.५२ | २५१९०३८१५.७४ | ४४३२३९५२.९९ |
| एकीकृत आर्थिक विवरण अनुसार | ३६११७१४३.६३ | २६०४१५७७५.१ | २५२२०८९६५.७४ | ४४३२३९५२.९९ |
| **फरक** | **०** | **२४३९७३५.३०** | **३०५१५०.०** | |

६ **सेवा प्रवाह सम्बन्धीः**

६.१ **सेवा प्रवाहको स्थितिः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहको विवरण लेखापरीक्षणका क्रममा माग भएपनि पेश भएन ।

| विवरण | सेवा संख्या | कैफियत | विवरण | सेवा संख्या | कैफियत |
|---|---|---|---|---|---|
| **पञ्जिकरण तर्फ** | | | **पूर्वाधार विकास** | | |
| जन्मदर्ता | **२७८** | | मोटरबाटो नया ट्र्याक | ३२०६मी. | |
| मृत्युदर्ता | **१०२** | | मोटरबाटो स्तर उन्नती | १८५३मी. | |
| बसाईसराई दर्ता | **७०** | | मोटरबाटो कल्भर्ट/ कजबे | २/ २ | |
| विवाह दर्ता | १४३ | | पक्कीनाली | १५३मी. | |
| सम्बन्धविच्छेद दर्ता | २१ | | पदमार्ग कच्ची/ पक्की | १७०५मी./ २०५५मी. | |
| झोलुङ्गेपुल/ काठेपुलमर्मत | १३गोटा | | पदमार्गपुल | ५गोटा | |
| विद्यालय भवन निर्माण/ व्यवस्थापन (१८गोटा) | नयाभवन निर्माण-१,घेराबार/ गेट -८, शौचालय निर्माण-२ठाउँमा, मर्मत-१ठाउँमा, रंगरोगन-४ठाउँमा, | | खानेपानी मर्मत/ व्यवस्थापन (१२योजना) | पाईप खरिद-४२१२मी., धारा निर्माण-३८गोटा,मुलको टंकी निर्माण-१० गोटा, रिजर्ब टंकी निर्माण- ६ गोटा | |

आंशिक रुपमा प्राप्त विवरण माथिको तालिकामा उल्लेख छ। कार्यालयले सबै सेवा प्रवाहलाई अभिलेखिकरण गरी चुस्त दुरुस्त बनाउनुपर्ने देखिन्छ।

६.२ **सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ ।

७ **फोहोरमैला व्यवस्थापनः**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहोरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहोरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । बुङगादोभान बजारमा पालिका भएको हुँदा मानवीय घनत्व बढ्दै गएको छ। फोहोर व्यवस्थापन गर्न पालिकाले १ जना ब्यक्ति व्यवस्था गरेको छ। फोहोरमैलाको उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहोर वर्गीकरण गरेता पनि अझ पर्याप्त व्यवस्थापन गरेको देखिएन । फोहोरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

८ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• निजामती सेवा ऐन, २०४९ बमोजिम यस पालिकाकामा कार्यरत ४१ जना कर्मचारीको कार्य विवरण बनाई सोको आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि भएको पाइयो यसको पूर्ण कार्यान्वयन गर्नुपर्छ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.१४ लाख ७१ हजार ८ सय खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलब्धिको मूल्याङ्कन गरेको छैन ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरीकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• सम्पत्ति, व्यवसाय तथा बहाल कर लगायत करारीय राजस्व र प्रदेश सरकारले तोकेका करको प्रशासकीय र नियमन क्षमता सुधार गर्नुपर्ने देखिएको ।

• सरकारी तथा सार्वजनिक जग्गामा नक्सा पास बिना भवन/संरचना निर्माण गर्ने योजना स्वीकृति र कार्यान्वयन हुने नगरेको ।

• मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. नगरेको ।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• वडा कार्यालय तथा पालिका अन्तरगत रहेका स्वास्थ्य संस्था, आयूर्वेद अस्पताल भेटेरिनेरी लगायतको शाखामा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मुल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• एउटै कार्यक्रममा भ्याटेबल आइटमको भ्याट बिल पेश हुनुपर्ने टुक्रा टुक्रा प्यान बिल पेश भएको ।

• सोझै खरिद भएको कार्यको पालिका र वडाको कुनै पनि खरिद कार्यमा लागत अनुमान तयार नगरी खरिद गरेको।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को अनुसार नागरीक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाईएन।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार गत विगतमा वेरुजु औंल्याइएका विषयका समधान र वेरुजु फस्यौटको लागि पहल गरेको देखिएन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी र विश्वसनीय बनाई वित्तीय प्रतिवेदनको शुद्धता कायम गर्दै विषयगत कार्यसम्पादन क्षमताका साथै संस्थागत सुधारका पक्षमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

## ९ अनुदानको अनुगमनः

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर पालिकाले देहायअनुसार त्रिपालमा रु. १९५०००.० र सोलारमा रु. २८३०००.० तथा हलगोरु पाल्ने कृषकहरुलाई रु. ५०००००.० लगायत गरी २५६ व्यक्तिलाई रु. १९३५५००.० अनुदान खर्च लेखेको छ। तर पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका समेत छैन।

| क्रम | अनुदानको किसिम | व्यक्ती संख्या | रकम रु हजारमा |
|---|---|---|---|
| १ | त्रिपालमा अनुदान | ५४ | १९५ |
| २ | सोलारमा अनुदान | २९ | २८३ |
| ३ | हल गोरु पाल्ने कृषकलाई | १०० | ५०० |
| ४ | उन्नत जातको जर्सी गाईमा अनुदान | २ | ४०५ |
| ५ | कृषि औजार तथा उपकरण | १० | २४८ |
| ६ | प्लाष्टिक टनेल वितरण | ५५ | २८०.५ |
| ५ | तरकारी नर्सरी तथा कृषि सामाग्री | ६ | २४ |
| | **जम्मा** | २५६ | १९३५.५ |

तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

१० **अनुदान प्राप्ति, फिर्ता र उपयोगः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघीय संचित कोषबाट स्थानीय तहमा हस्तान्तण भएको अनुदानमध्ये सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने उल्लेख छ । संघीय सरकारलाई फिर्ता गर्नुपर्ने देहायको रकम फिर्ता गरेको छ । खर्च हुन नसकेका अनुदान रकमहरु समयमा नै फिर्ता कार्यलाई निरन्तरता दिनु पर्दछ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | ११९१९४५०० | १००४७९३८४.८४ | १८७१५११५.१६ |
| | विशेष | ९६७३६९८ | ९१८१७०५.०० | ४९१९९३.०० |
| **प्रदेश सरकार** | | | | |
| | विशेष | ३१४९४८५ | ३१३५३०३ | १४१८२ |
| | समपुरक | ३९७४७४८ | ३९७०३२५ | ४४२३ |
| | **जम्मा** | **१३५९९२४३१** | **११६७६६७१७.८४** | **१९२२५७१३.१६** |

यस्तै गण्डकी प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४० अनुसार प्रदेश सरकारबाट पालिकालाई हस्तान्तरण भएका उल्लिखित अनुदानहरु मध्ये खर्च हुन नसकी बाँकी रहेको रकम प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले यसवर्ष प्रदेश सरकारबाट प्राप्त रकम पूर्ण रुपमा खर्च गरेको छ ।

११ **क्षेत्रगत कार्यक्रम र खर्चको विश्लेषणः**

११.१ **क्षेत्रगत कार्यक्रम तथा खर्च बिश्लेषणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार गर्नुपर्दछ।

| **मुख्य क्षेत्र** | **वार्षिक बजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | १७५९७६००.०० | ११२४२६३१.०० | ४.४६ |
| सामाजिक क्षेत्र | १६७८३९६८०.०० | १३३६३७४७२.०१ | ५३.०५ |
| पूर्वाधार विकास क्षेत्र | ८५९००००.०० | ६२९५१४३०.११ | २४.९९ |
| वातावरण तथा विपद् व्यवस्थापन | २८५८८००.०० | २८४६८००.०० | १.१३ |
| संस्थागत विकास र सेवा प्रवाह | ८४३०४२०.०० | ५१८६१४५.०० | २.०५ |
| कार्यसञ्चालन तथा प्रशासनिक खर्च | ४९३१९०००.०० | ३६०३९३३७.६२ | १४.३२ |
| **जम्मा** | **३३१९४५५००.००** | **२५१९०३८१५.७४** | **१००** |

माथि उल्लिखित तालिका अनुसार सामाजिक क्षेत्रमा सबैभन्दा बढी ५३.०५ प्रतिशत र वातावरण तथा विपद् व्यवस्थापनमा सबैभन्दा न्यून १.१३ प्रतिशत खर्च भएको देखिन्छ। पूर्वाधार विकास क्षेत्रमा २४.९९ प्रतिशत खर्च भएको र कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा १४.३२ प्रतिशत देखिन्छ। पूर्वाधार विकास क्षेत्रको बजेट लगायत पूँजीगत काममा विनियोजित बजेटबाट चेतनामूलक तालिम कार्यक्रमजस्ता कार्यक्रम भएको देखिन्छ। पालिकाले उल्लिखित बजेट क्षेत्र अनुसार विनियोजित बजेटलाई सम्बन्धित क्षेत्रमा मात्र खर्च नगरेकोले उल्लिखित खर्च प्रतिशत वास्तविक भएको भनी विश्वस्त हुन सकिएन। पालिकाले आवश्यकता विश्लेषण गरी बजेट विनियोजन गर्ने र सोही अनुसार मात्र खर्च गर्ने गर्नुपर्दछ ।

११.२ **खर्च विश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.३५८०६५८.०, बैंक मौज्दात रु.६७०२७७०२.० राजस्व बाँडफाँड रु.६७०२७७०.० संघीय अनुदानबाट रु.१७३५२६०५०.० र प्रादेशिक अनुदानबाट रु.१४१९१६२८.० समेत गरी रु.२८९५०२३३५.० आम्दानी भएकोमा चालु तर्फ रु.१८०४८१०८६.० र पूँजीगत तर्फ रु.७१४२२७३०.० समेत रु.२५१९०३८१६.० खर्च भएको छ। खर्च मध्येको आन्तरिक आयको हिस्सा १.३ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुविधामा रु.७४८०९१०.० खर्च भएको छ जुन आन्तरिक आयको तुलनामा ४३ प्रतिशत बढी रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ७१ प्रतिशत चालु र २९ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनु पर्दछ।

## १२ त्रैमासिक पूँजीगत खर्चको स्थितिः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप असारमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| क्र.सं. | विनियोजित बजेट | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम | दोस्रो | तेस्रो | चौथो | आषाढ |
| १. | ९७६५०००० | ७१४२२००० | १९४२२०४ | ८७४०९७८ | २०१३१२८६ | ४०६०८२६२.११ | १८८५ |
| खर्च प्रतिशत | | ७३.१४ | १.९८ | ८.९५ | २०.६१ | ४१.५८ | १९.३ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक खर्च भएको कुल रकममध्ये प्रथम त्रैमासिकमा १.९८ प्रतिशत, दोश्रो त्रैमासिकमा ८.९५ प्रतिशत, तेश्रो त्रैमासिकमा २०.६१ प्रतिशत र चौथो त्रैमासिकमा ४१.५८ प्रतिशत खर्च गरेको देखिएको। यसरी नै असार

महिनामा मात्र १९.३ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। खर्चको प्रवृत्ति हेर्दा पालिकाको पहिलो त्रैमासिकमा १.९८ प्रतिशत खर्च भएको देखियो। यो रकममा गत विगत वर्षको भुक्तानी दिन बाँकीको भुक्तानी पनि दिएको देखिन्छ । असार महिनामा मात्र १९.३० प्रतिशत खर्च भएको देखिएकोले वर्षान्तको अन्तमा खर्च गर्ने परिपाटीमा सुधार भएको देखिदैन। खर्च गर्ने अख्तियारी समयमा नै प्राप्त हुँदा समेत वर्षको अन्त्यमा मात्र खर्च गर्ने परिपाटीलाई सुधार गर्नुपर्दछ ।

१३ **बजेट तथा कार्यक्रमको अवस्थाः**

१३.१ **योजना तथा बजेट कार्यन्वयनः** यसवर्ष पालिकामा योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु तपशिल बमोजिम रहेका छन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार गरेको भएता पनि कार्यान्यिवन पुर्ण भएको छैन ।

• पालिकाले दीर्घकालिन लाभ हुने र धेरै जनसङ्ख्या लाभानन्वित हुने खालका योजना तर्जुमा गरी कार्यन्वयनमा लगेको देखिएन ।

• पालिकाले योजना तर्जुमा गर्दा स-साना योजनाहरु धेरै बनाएको देखिन्छ।

• पालिकाले दिगो विकासका अन्तराष्ट्रिय लक्ष्यहरुलाई आन्तरिकीकरण गर्न प्रयास गरेको देखिएन।

१३.२ **आवधिक योजनाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको भएता पनि पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ।

१३.३ **अबण्डा बजेटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा बजेट नराखी आय-व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले यो वर्ष मर्मत सम्भार कोषमा रु. ६००००००.० अबण्डा बजेट व्यवस्था गरी २५ योजनामा रु. ५९०००००.० खर्च गरेको छ।बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ।जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन।तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतीमा आधारित बनाउनुपर्दछ। पालिकाले छलफलको क्रममा जटिल भुगोल भएको हुदाँ बाटो सफा गर्नुपर्ने जनाएको छ।

१३.४ **रकमान्तरः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाको निर्णयवाट कुनै शीर्षकमा विनियोजित बजेटबाट पूंजिगत शीर्षकमा बढीमा २५% सम्म रकमान्तर गर्न सकिने व्यवस्था छ। साथै पालिकाको विनियोजन ऐन, २०८१ को दफा २ मा कार्यपालिकाले एक शीर्षकबाट अर्को शीर्षकमा बढीमा २५% सम्म रकमान्तर गर्न सक्ने तर पुँजीगत तथा वित्तीय व्यवस्थाका लागि विनियोजित बजेटबाट चालु खर्चमा रकमान्तर गर्न नसकिने व्यवस्था छ। पालिकाले यस वर्ष विभिन्न २८ शीर्षकबाट १ करोड ५९ लाख ८८ हजार घटाएको तथा ७० शीर्षकमा २ करोड ९२ लाख ०८ हजार बजेट थप गरिएको देखिन्छ। यसरी बजेट रकमान्तर गरिएको अंक सुरुवाती बजेटको तुलनामा १५% हुने देखिन्छ। रकम थप गरिएका योजनाहरुमा कतिपय चालु प्रकृतिका खर्चहरु रहेको देखिन्छ। कानूनले तोकेको भन्दा कम मात्रामा रकमान्तर भएता पनि बजेट उपशीर्षकअनुसार खर्च नभएको तथा बजेट खर्च लेख्दा तोकीएको खर्च शीर्षकभन्दा अन्य खर्च शीर्षकबाट भुक्तानी लेखिएको देखिन्छ। वर्षान्तमा ठुलो मात्रामा रकमान्तर गर्दा आर्थिक अनुशासन कमजोर हुन सक्ने हुदाँ बजेट बनाउदा नै कार्यन्वयन योग्य योजनाको छनौट गरी सोही अनुसार बजेट खर्च लेख्ने तथा कानूनले तोकेअनुसार मात्र रकमान्तर गर्नुपर्दछ।

१४ **विज्ञापन प्रकाशन तथा प्रसारण कार्यः**

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१ को उपदफा २ ख र विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली, २०७७ को नियम ६ क को उपदफा ३ मा संचारमाध्यम वा विज्ञापन एजेन्सीलाई रकम भुक्तानी गर्नुअघि ऐनको दफा २१ को खण्ड ख बमोजिम रकम कट्टा गर्नुपर्ने र उपनियम ४ मा उपनियम ३ बमोजिम कट्टा गरीएको ३ प्रतिशत रकम बोर्डको कोषमा जम्मा गरी सोको जानकारी बोर्डलाई दिनुपर्ने व्यवस्था रहेको छ। साथै विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली, २०८० को नियम ५ ग मा सरकारी निकायले विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा ऐनको दफा ३२ बमोजिम बिज्ञापन बोर्ड मार्फत गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष पालिका चालूतर्फ रु.१२ लाख बजेट व्यवस्थापन गरी रु.११९००००.० खर्च गरेको देखियो। उक्त खर्च बराबरको कार्य विज्ञापन (नियमन गर्ने) ऐन बमोजिम बिज्ञापन बोर्डमार्फत गराएको देखिएन। साथै उक्त रकमको विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली बमोजिम ३ प्रतिशतले हुने रकम रु.३५७००.० बोर्डको कोषमा जम्मा हुने अवस्था देखिएन। पालिकाले कानूनमा उल्लेख भए बमोजिम विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा विज्ञापन बोर्ड मार्फत गर्नुपर्दछ।

१५ **संगठन तथा कर्मचारी व्यवस्थापनः**

१५.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा कृषि, पशु, स्वास्थ्य र वडा कार्यालय सहित दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिमा ३२ जना पदपूर्ति भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनको दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत १, सब-इन्जिनियर १, कम्यूनिटि नर्सिङ १ लगायतका विषयगत शाखा हर्ने जनशक्ति सहित ९ पदहरु रिक्त रहेका छन्।दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ ।

१५.२ **तलबी प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ १५ स्वास्थ्यकर्मीको रु. ३९२२७१३.० र पालिकाका १८ कर्मचारीको रु. ७९१८४७९.० समेत रु. ११८४११७२.० खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१५.३ **कर्मचारी व्यवस्थाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलब भत्ता रु.१६३०७९१४.० भुक्तानी गरेको पाइयो । ऐनमा व्यवस्था नगरी कर्मचारी नियुक्त गर्ने कार्य नियन्त्रण गर्नु पर्दछ।

| **पद** | **नियुक्ति** | **संख्या** | **तलब भत्ता** | **स्रोत** |
|---|---|---|---|---|
| अधिकृत | २ | ४३६८९ | ११३५९४१ | सशर्त र आन्तरिक स्रोतबाट |
| सहायकस्तर | २८ | ३३००० | १२०१२००० | |
| श्रेणीविहिन | १६ | २०००० | ४१६०००० | |
| **जम्मा** | | | **१६३०७९१४** | |

१६ **आर्थिक सहायताः**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार गरी विभिन्न ३ संघसंस्था र ६० व्यक्तिहरुलाई रु.७५००००.० आर्थिक सहायता वितरण गरेको छ। बिरामी तथा सुत्केरी सहयोग रु.५९८०००.०, क्लबहरुलाई सहयोग रु.४२५०००.० तथा विपन्न नागरिक सहायता रु.२७०००.० दिएको दखिन्छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.३२३०६५८.० को २७.२४ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड बेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

१७ **सफ्टवेयर खरिद र सञ्चालनः**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले देहाय बमोजिमको २०५८ देखि सञ्चालनममा रहेको digital village profile रु.१९०००००.०, योजना अभिलेखीकरण रु.४५००००.० सहित रु.२३५००००.० सफ्टवेयर खरिद गरी सञ्चालनमा रहेको छ। अनुदानमा प्राप्त यसरी प्राप्त भएको सफ्टवेयर सचालनको लागि सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन। यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नु पर्दछ।

१८ **सामुदायिक वनको आयः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्रि तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनुपर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्रि वापतको प्राप्त हुने रकमको १० प्रतिशत सम्बन्धित पालिकाको सञ्चित कोक्षमा जम्मा गर्नुपर्ने व्यवस्था भएअनसार पालिकामा रहेको ३० वटा सामुदायिक वन उपभोक्ता समितिबाट वन पैदावारको प्राप्त हुने रकमको दश प्रतिशत रकम वन कार्यालयसँग समन्वय गरी पालिकाको सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

१९ **आन्तरिक लेखापरीक्षण र बेरुजुको लगतः**

१९.१ **आन्तरिक लेखापरीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ। पालिकामा आन्तरिक लेखापरीक्षण गर्ने जनशक्ति उपलब्ध नभएको अवस्थामा सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयमा अनुरोध गरी आन्तरिक लेखापरीक्षण गराउनुपर्नेमा कोष तथा लेखा नियन्त्रक कार्यालयलाई अनुरोध गरेको देखिएन। सीमित समय र जनशक्तिको आधारमा अन्तिम लेखापरीक्षणबाट सबै कारोबारको परीक्षण गर्न सम्भव हुने स्थिति छैन। कतिपय कारोबार आन्तरिक लेखापरीक्षणलाई आधार लिई अन्तिम लेखापरीक्षणमा परीक्षण नगरिने मान्यता र प्रचलन समेत रहेको छ। यस्तो अवस्थामा पालिकाले आन्तरिक लेखापरीक्षण गराउने प्रयास समेत नगरेको कार्य उपयुक्त देखिएन। अन्तिम लेखापरीक्षण गर्दा पालिकाको कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको देखिएको छ। पालिकाले आन्तरिक लेखापरीक्षण गर्ने गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

१९.२ **बेरुजु लगतः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८८ मा बेरुजुको लगत राख्नुपर्ने व्यवस्था छ। बेरुजु लगतका लागि मलेप फाराम ८०१ देखि ८०५ सम्म व्यवस्था गरिएको छ। पालिकाले बेरुजुको अद्यावधिक लगत, कार्यालयगत प्रतिवेदन, सम्परीक्षण गोश्वारा अभिलेख राखेको देखिएन। साथै पालिकाले बेरुजु सम्परीक्षण गर्नेतर्फ ध्यान दिएको देखिएन। पालिकाको आर्थिक वर्ष २०८०।८१ सम्मको अद्यावधिक बेरुजु रु.६५२८४३७१.० रहेको देखिन्छ। बेरुजु र बेरुजु फछर्यौटको लगत अद्यावधिक राख्नुपर्ने तथा महालेखापरीक्षको प्रतिवेदनमा औंल्याइएका बेरुजुको समयमै सम्परीक्षण गराउनुपर्दछ।

२० **म्याद ननाघेको पेश्कीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष ३ कार्यक्रममा ३ वटा निकाय

व्यक्ति तथा संस्थालाई रु. २२४०४२८.० पेश्की दिएको छ। म्याद नाघेको तथा ननाघेको पेश्कीको हिसाब आर्थिक वर्षको अन्तसम्म अभिलेख व्यवस्थित गरी फर्स्यौट गर्नुपर्दछ ।

| **पेश्की बाँकी** | **म्याद ननाघेको** | **म्याद नाघेको** | **जम्मा** | **कैफियत** |
|---|---|---|---|---|
| संस्थागत | २२४०४२८ | ० | २२४०४२८.०० | |
| **जम्मा** | **२२४०४२८** | ० | **२२४०४२८.००** | |

२१ **धरौटी तथा अवकास कोषः**

२१.१ **धरौटीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ मा धरौटी कारोबारको लेखा राख्ने सम्बन्धी व्यवस्था रहेको छ। पालिकाको गत वर्षको धरौटी अल्या रु. २६२५४२०.१२, यस वर्षको आम्दानी रु. १९९२७९५.० समेत जम्मा आम्दानी रु. ४६१८२१५.१२ भएकोमा खर्च(फिर्ता) रु. ७५१३६५.० गरी अन्तिम मौज्दात रु. ३८६६८५०.१२ रहेको विवरण पेश गरेको छ। पालिकाले धरौटी कारोबारको लेखालाई व्यवस्थित तवरबाट राख्ने कार्यलाई निरन्तरता दिनुपर्दछ।

२१.२ **अवकास कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी अवकास कोषमा रु.९०००००.० ट्रान्सफर गरेको छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कार्यविधि बनायको भएता पनि कार्यान्यिवनमा आएको देखिएको छैन।त्यसैले कार्यविधिको पुर्ण पालना गर्नु पर्दछ।

२२ **परामर्श सेवाः**

सार्वजनिक खरिद ऐन, २०६३ मा बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराएको छ। यस्तो कार्य गराउँदा लागत अनुमान पालिकाले उपलब्ध गराएको विवरण अनुसार ४ प्रकारका परामर्श सम्बन्धी कार्यक्रमहरु कुल खर्च रु.२०९४८३० परामर्श खर्च गरेको छ। अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियन गएको देखिएकोले खर्चको सार्थकता भएको देखिन्छ।

| **क्र.सं.** | **कार्यक्रमकोनाम** | **कुलखर्च** | **कुलखर्चमध्येपरामर्शखर्च** | **परामर्शखर्चको अवस्था** |
|---|---|---|---|---|
| १. | दोस्रो पञ्चवर्षिय आवधिक योजना | ११९४४१० | ११९४४१० | कार्यान्यिवनमा रहेको |
| २. | गाउँपालिकाको डकुमेन्ट्री निर्माण | ४९७२०० | ४९७२०० | कार्यान्यिवनमा रहेको |
| ३. | सामाजिक लेखापरीक्षण | १९६६२० | १९६६२० | कार्यान्यिवनमा रहेको |
| ४. | स्वास्थ्य संस्थाहरुको सामाजिक लेखा परीक्षण | २०६६०० | २०६६०० | कार्यान्यिवनमा रहेको |
| | **जम्मा** | **२०९४८३०** | **२०९४८३०** | |

२३ **सम्भाव्यता अध्ययन तथा डि.पि.आरः**

सार्वजनिक खरिद ऐन, 2063 को दफा 8 र 9 मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले सम्भव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा यो वर्ष पूँजीगत प्रकृतिको १ कार्यमा रु.१०००००० विनियोजन गरी कुल रु ९७१८०० खर्च गरेको छ। यसरी सम्भाव्यता अध्ययन गर्दा सो को आवश्यकता, खरिदमा

मितव्ययिता, पालिकाले जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्‍याउनु पर्दछ।

| क्र.सं. | कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम | अध्ययनबाट निर्धारण भएका आयोजनाको लागत |
|---|---|---|---|---|---|
| १. | धोमैघाट मोटरेबल पुल | घर इन्जिनियरिङ प्रा.लि. | १०००००० | ९७१८०० | ४७६११७२७ |

२४ **कृषि तथा पशु कार्यक्रमः**

पालिकाले यसवर्ष कृषि तथा पशुपन्छी विकास कार्यक्रम तर्फ रु.१ करोड ४२ लाख ९७ हजार विनियोजन गरेकोमा रु.९९ लाख ११ हजार खर्च गरेको छ। यस सम्बन्धमा देखिएको बेहोराहरु निम्नानुसार रहेका छन्।

२४.१ **पोषणमैत्री स्थानीय शासन कार्यक्रमः** पोषणमैत्री स्थानीय शासन कार्यान्वियन कार्यविधि, २०८० को दफा ५(२) को तयारी चरण खण्डको बुँदा (४) मा पोषणमैत्री स्थानीय शासन कार्यान्यिव गर्न आवश्यक आचार संहिता तर्जुमा गर्नु पर्ने व्यवस्था रहेको छ। साथै कार्यविधिले कुपोषणको अन्त्य, मानवपुँजी निर्माण र समग्र आर्थिक सामाजिक विकास गर्न दीर्घकालीन प्रकृतिको कार्यक्रमहरु सञ्चालन गर्ने उद्धेश्य राखेको छ। पालिकाले यस कार्यक्रम सञ्चालनार्थ आचारसंहिता तयार पारेको पाइएन भने १००० दिनका आमाहरुलाई कुखुराको चल्ला, दाना, तरकारीको बिउ वितरण जस्ता अल्पकालीन प्रकृतिका कार्यक्रमहरु सञ्चालन गरी भौचर नं. २३९-२०८२।२।१४ बाट रु.९५३४०३.० खर्च लेखेको पाइयो। दिगो रुपमा प्रभावकारी हुने कार्यक्रमहरु सञ्चालन गर्नु पर्नेमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

२४.२ **उन्नत जातको पशुमा अनुदान कार्यक्रमः** पालिकाले यसवर्ष दुधजन्य पदार्थ उत्पादनको लागि उन्नत जातको पशुमा अनुदान कार्यक्रम मार्फत गाई खरिद गरी ७५ प्रतिशत अनुदानमा किसानहरुमा वितरण गर्ने कार्यक्रम अन्तर्गत सिद्धबाबा गौसाला कृषि उद्योगसँग प्रतिगाई रु.९०००० दरले ६ वटा गाई रु.५४०००० मा खरिद गरी रु.३९६९०० भौचर नं. ३४०-२०८२।३।१८ बाट भुक्तानी गरेको पाइयो। पालिकाले उक्त कार्यक्रम सञ्चालानार्थ कुनै कार्यविधि तयार नगरी सञ्चालन गरेको पाइयो। स्पष्ट कार्यविधि तथा मापदण्ड तयार नपारी आर्थिक विकास समितिको निर्णयको आधारमा गरिएको खरिद कार्यलाई नियमसम्मत् मान्न सकिएन। स्पष्ट रुपमा कार्यविधि तथा मापदण्ड तयार पारी खर्च गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ।

| | |
|---|---|
| अनियमित भएको | ३,९६,९०० |

२४.३ **कार्यालयका कर्मचारीलाई प्रशिक्षण खर्च भुक्तानीः** गण्डकी प्रदेशको खर्च मापदण्ड, २०७९ को अनुसूची १(दफा ६ को उपदफा ३ सँग सम्बन्धित) मा सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए बापतको पारिश्रमिक पाउने छैन भन्ने व्यवस्था रहेको छ। पालिकाले भौचर नं. ३८०-२०८२।३।१९ बाट कुखुराको खोर व्यवस्थापन तथा पालन तालिम तथा भौचर नं. ३४४-२०८२।३।१८ बाट कृषकलाई विकसित करेसाबारी निर्माण अभिमुखीकरण कार्यक्रममा कक्षा सञ्चालन गराए बापत कार्यालयका विभिन्न कर्मचारीलाई प्रशिक्षण खर्च रु.४३५२०.० भुक्तानी गर्ने कार्य नियमानुसार भएको पाइएन। मापदण्ड विपरित हुने खर्च नियन्त्रणमा पालिकाले ध्यान दिनुपर्दछ।

| | |
|---|---|
| अनियमित भएको | ४३,५२० |

२५ **शिक्षा तर्फः**

तमानखोला गाउँपालिका, बागलुङले यसवर्षको लागि शिक्षातर्फ संघीय सशर्त तथा गाउँपालिका स्रोतबाट रु.१० करोड ३९ लाख ०२ हजार विनियोजन गरी रु.८ करोड ८९ लाख ७९ हजार खर्च गरेको छ। पालिकाले शिक्षातर्फ गरेको समग्र खर्च सम्बन्धमा देखिएको केही मुख्य व्यहोराहरु यसप्रकार रहेका छन्।

२५.१ **विद्यालयगत निकासा अभिलेखः** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ मा उल्लिखित कार्यक्रम कार्यान्वयन प्रकृया र प्रगति सूचक भिडान हुने गरी विद्यालयगत निकासा अभिलेख राखी निकासा नियन्त्रण गर्नु पर्दछ। पालिकाले आफ्नो क्षेत्रभित्रमा रहेको २१ विद्यालयहरुको निकासा अभिलेख र प्रगति सूचक अद्यावधिक गरेर राखेको छैन। जसकारण विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नु पर्दछ।

२५.२ **प्रति विद्यार्थी लागत:** पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ।

| **रु. हजारमा** | | | |
|---|---|---|---|
| **बजेट** | **खर्च** | **विद्यार्थी संख्या** | **प्रति विद्यार्थी लागत** |
| १०३९०२ | ८८९७९ | २१६२ | ४१.१५ |

पालिकाको सामुदायिक विद्यालय तर्फको प्रति विद्यार्थी लागत रु.४११५५.० रहेको छ। पालिकाले शैक्षिक गुणस्तर वृद्धी गरी लागत अनुसारको प्रतिफल प्राप्त गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

२५.३ **शिक्षक विद्यार्थी अनुपात:** शिक्षा नियमावली, २०५९ को नियम ७७(१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा रहने विद्याथी सङ्ख्या सामान्यतया उपत्यका तथा तराई, पहाड र हिमाली क्षेत्रमा क्रमशः पचास, पैंतालिस र चालिस हुनुपर्नेछ भन्ने व्यवस्था रहेको छ। पालिकाबाट उपलब्ध विवरण अनुसार २१ विद्यालयहरु सञ्चालनमा रहेकोमा शिक्षक दरबन्दी, बाल विकास र शिक्षण सहयोग अनुदान समेत स्थायी, राहात र करार गरी जम्मा १५० जना कार्यरत रहेको देखियो भने कक्षा १ देखि कक्षा १२ कुल विद्यार्थी संख्या २१६२ रही समग्रमा शिक्षक विद्यार्थी अनुपात १:१४४१ देखिन्छ। पालिकामा जनज्योती आधारभूत विद्यालयमा सबैभन्दा उच्च शिक्षक विद्यार्थी अनुपात १:२१.१३ रहेको छ भने जनता प्राथमिक विद्यालयमा सबैभन्दा कम शिक्षक विद्यार्थी अनुपात १:६.३३ रहेको छ। पालिकाले सत्यापन समेत नगरी विद्यार्थीको विवरण राखेकाले उपलब्ध विवरण सत्यपरक रहे नरहेको यकिन गर्न सकिएन। पालिकाले शिक्षा नियमावलीमा भएको उल्लेखित व्यवस्थासँग तादम्यता कायम हुने गरी आवश्यक कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ। यस सम्बन्धी विस्तृत तालिका अनुसूचीमा संलग्न रहेको छ।

**(विस्तृत विवरण बेरूजु दफा २५.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२५.४ **दिवा खाजा:** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.७.११.१ अनुसार EMIS र सत्यापनमा भएको प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्मको विद्यार्थी संख्यालाई आधार मानेर प्रति विद्यार्थी दैनिक रु.१५.० का दरले वर्षमा १८० दिन बराबरको रकम सम्बन्धित विद्यालयलाई निकासा दिनुपर्ने व्यवस्था छ। पालिकाले यसवर्ष विशेष अनुदान तर्फको पोषणमैत्री स्थानीय तह कार्यक्रम मार्फत रु.१०.० थप समेत गरको देखिन्छ। पालिकाले दिवा खाजा कार्यक्रमको लागि यस वर्ष विभिन्न भौचरबाट २१ विद्यालयका विद्यार्थीहरुका लागि रु.३१८१०८६.० निकासा गरेको देखिन्छ। लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले आवश्यक अनुगमन गरी वास्तविक विद्यार्थी संख्या यकिन गर्नुपर्नेमा नगरेकोले खर्च भएको रकम यथार्थपरक रहे नरहेको यकिन गर्न सकिएन। पालिकाले विद्यालयहरुलाई दिवा खाजा निकासा दिदा वास्तविक विद्यार्थी संख्या यकिन गरेर मात्र निकासा दिने तर्फ ध्यान दिनु पर्दछ।

२५.५ **निशुल्क पाठ्यपुस्तक बापतको अनुदानः** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.४.६.२ मा विद्यालयलाई मागको आधारमा पाठ्यपुस्तक बापतको रकम तेस्रो त्रैमासिक भित्र अनुदान दिने, यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने व्यवस्था रहेको छ। पालिकाले भौचर नं. १९६-२०८२।१।२ मा विद्यायलयको माग बिना नै EMIS तथ्याङ्कको आधारमा ७५ प्रतिशत अनुदान बापत विद्यालयहरुलाई रु.९४६१४६.० निकासा गरेको छ। तेस्रो त्रैमासिक भित्र विद्यालयको मागको आधारमा अनुदान निकासा गर्नुपर्नेमा सो अवधिमा विद्यालयले अनुदान माग गरेको देखिएन।

विद्यालयहरुले नयाँ शैक्षिक सत्र सुरुहुनु पूर्व नै पाठ्यपुस्तक उपलब्धताको सुनिश्चितता गर्न समयमा नै अनुदान माग गर्नुपर्ने र पालिकाले विद्यालयको मागको आधारमा मात्र अनुदान निकासा गर्नेतर्फ ध्यान दिनुपर्दछ।

२५.६ **संस्थागत विद्यालयले निशुल्क शिक्षा प्रदान गर्नुपर्नेः** अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयहरुले प्रारम्भिक बालविकास कक्षादेखि बाह्र कक्षा सम्मका कुल विद्यार्थी संख्या अनुसार पाँच सय जनासम्म, पाँच सयदेखि आठ सय जनासम्म र आठ सय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयहरुले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यर्थीलाई निःशुक शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाभित्र २ संस्थागत विद्यालयहरु सञ्चालनमा रहेको भएता पनि निशुल्क शिक्षा प्रदान गरेको अभिलेख पाइएन। पालिकाले उल्लिखित व्यवस्था अनुसार संस्थागत विद्यालयहरुमा निशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गराउने तर्फ ध्यान दिनु पर्दछ।

२५.७ **स्यानिटरी प्याडको भण्डारण तथा उपयोगः** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने, दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले Alright Trade Link सँग ४२६० प्याकेट स्यानिटरी प्याड रु.५०५४४९.० मा खरिद गरी भौचर नं. ४५०-२०८२।३।२३ बाट भुक्तानी गरेको पाइयो। खरिद गरिएको प्याडलाई विद्यालयहरुमा वितरण गरेको पाइएन। पालिकाले आफ्नै स्टोरमा भण्डारण गरी राखेको पाइयो भने भण्डारण गरी राखेको प्याडको स्थलगत निरीक्षण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित भण्डारण गरिएकोमा विश्वस्त हुन सकिएन। त्यसरी गरिएको प्याडलाई विद्यालयको मागको आधारमा यथाशीघ्र वितरण गरी उपयोगको सुनिश्चितता गर्नुपर्दछ।

२५.८ **SMART कक्षा सञ्चालनको लागि विद्यालयहरुलाई सामाग्री हस्तान्तरणः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **४९३,९८३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२५.९ **सामाजिक तथा आर्थिक लेखापरीक्षण अनुदानः** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१० मा स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमध्ये आधारभूत तह सञ्चालित विद्यालयहरुका लागि प्रति विद्यालय रु. १००००.० र माध्यमिक तह सञ्चालित विद्यालयहरुमा प्रति विद्यालय रु.१५०००.० को दरले सामाजिक तथा आर्थिक लेखापरीक्षण शीर्षकमा एकमुष्ट अनुदान निकासा दिने तथा विद्यालयले स्थानीय तहको अन्तिम लेखापरीक्षण हुनु पूर्व नै उक्त लेखापरीक्षण कार्यसम्पन्न गरी स्थानीय तहमा प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले भौचर नं. २८१-२०८२।३।३ मा देहाय २१ विद्यालयहरुलाई सामाजिक तथा आर्थिक लेखापरीक्षण बापत रु.२२५०००.० निकासा गरी खर्च लेखेकोमा स्थानीय तहको अन्तिम लेखापरीक्षण गर्ने अवधिसम्म विद्यालयहरुले प्रतिवेदन पेश गरेको पाइएन। विद्यायलयहरुको सामाजिक तथा आर्थिक लेखापरीक्षण प्रतिवेदनको प्रमाण पेश हुनु पर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा २५.९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२५,००० |

२६ **पदाधिकारी सुविधा:**

नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार पालिकाले यस आर्थिक बर्षमा पदाधिकारी सुविधा शीर्षकमा रु. ७४८०९१० खर्च गरेको देखिन्छ । जुन आन्तरिक आय रु.३२३०६५७ को २३१.४१ प्रतिशत देखियो । अतः पालिकाले आन्तरिक आय बृद्धि गरी आन्तरिक आयको पर्याप्तता पश्चात मात्र पदाधिकारी सुविधामा थप खर्च गर्नुपर्दछ ।

२७ **पदाधिकारी बिमा:**

गण्डकी प्रदेश गाउँसभा,नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन,२०७६ को अनुसुची (क) बमोजिम गाउँपालिकाका पदाधिकारी तथा सदस्यले बिमा सुविधा वापत रु.१० हजार पाउने ब्यवस्था रहेको छ । एक जना जनप्रतिनिधिलाई बिमाको बिल रकम सुविधा भुक्तानी गर्दा विमा वापतको रकम दोहोरो भुक्तानी भएको पाईएकोले रु.१०००० असुल गरी दाखिला गर्नुपर्ने ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,००० |

२८ **सवारी भाडा :**

पालिकाले उपलब्ध गराएको जिन्सी प्रतिवेदन अनुसार पालिकामा १ वटा साना सवारी साधन चालु अवस्था रहेको छ । पालिकाले यस वर्ष योजना अनुगमन र विभिन्न सरकारि कार्यको लागि सवारि भाडामा रु.६४०२५० खर्च गरेको देखियो । नमुना छनौटको आधारमा केही श्रेस्ता परीक्षणगर्दा योजनाको अनुगमन, विषयगत शाखाको कार्यक्रम तथा शिविर संचालन र सरकारी कामको सिलसिलामा जिल्ला सदरमुकाम र प्रदेश राजधानि पोखरा पालिकाका पदाधिकारि तथा कर्मचारीको लागि सवारि भाडामा लिएको जनाई खर्च लेखेको देखियो । पालिकामा १ साना सवारी तथा १२ वटा मोटरसाइकल र १ स्कुटर रहेको र सोही बमोजिम इन्धन, मर्मत लगायतमा खर्च भएको देखिएकोले भाडामा सवारी लिने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

२९ **खर्चको पुष्टयाई नभएको :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **८६,४९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३० **परम्परागत टेलर तथा आरन व्यबस्थापन कार्यक्रम :**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६(५) अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो खर्च वा भुक्तानीका लागि आवश्यक बिल, भरपाई तथा कागजात संलग्न भए/नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे/नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले भौ.नं. ८७२ मिति २०८२।०३।२२ बाट परम्परागत टेलर व्यवसायहरूलाई व्यवस्थापन कार्यक्रम र आरन सञ्चालकहरुलाई व्यबस्थापन तथा सहयोग कार्यक्रम अन्तर्गत रु. १८४९०४ भुक्तानी गरेको छ। तमानखोला गाउँपालिकाका परम्परागत टेलर व्यवसायीहरुलाई व्यवस्थापन कार्यक्रम सञ्चालन कार्यविधि, २०८० दफा ६ को उपदफा (३) बमोजिम सिलाई कटाई व्यवसाय दर्ता गरेका अनुदानग्राहीलाई आवश्यकता पहिचानको आधारमा ८० प्रतिशत अनुदानस्वरूप रु. २०,००० पालिकाको तर्फबाट तथा २० प्रतिशत बराबर रु. ५,००० सम्बन्धित उद्यमीले व्यहोर्ने गरी सामग्री तथा कच्चा पदार्थ उपलब्ध गराइने व्यवस्था रहेको छ। कार्यविधिको अनुसूची २ अन्तर्गत प्रस्ताव ढाँचाको बुँदा नं. ११ बमोजिम उक्त कार्यक्रममा सामाजिक समावेशीता, एकल महिला, दलित तथा उपेक्षित वा लक्षित वर्गको आवश्यकता पहिचान गरिएको देखिएन। कागजात परीक्षण गर्दा पालिकाले कार्यक्रम सञ्चालनका लागि कार्यविधि तयार गरे तापनि सो कार्यविधि पर्याप्त नभएको, लाभग्राही छनौटको आधार नखुलाइएको, विगत वर्षहरूमा अनुदान प्राप्त गरेका/नगरेका लाभग्राहीको विवरण अभिलेख नराखिएको, कार्यक्रम कार्यान्वयनका लागि उद्यम विकास समिति रहने व्यवस्था भए तापनि आर्थिक विकास समिति मार्फत निर्णय गरिएको तथा लक्षित व्यवसायीले वास्तविक रूपमा अनुदान प्राप्त गरेको पुष्टि हुने आधार कागजात संलग्न नभएको पाइयो। पालिकाले स्पष्ट कार्यविधि तयार गरी लाभग्राही छनौट प्रकृयालाई पारदर्शी बनाई कार्यक्रम संचालन गर्नुपर्दछ ।

३१ **महिलाको लागि उद्घोषण सिप विकास कार्यक्रम :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३२ **गाउँपालिका कप :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले कार्यविधि, मापदण्ड तथा निर्देशिका बनाई कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले गो.भौ.नं. ६२८ मिति २०८२।०२।२७ बाट “गाउँपालिका कप” कार्यक्रमका लागि रु.७,२५,२२० खर्च गरेको छ। कार्यक्रम मिति २०८२।०१।२७ देखि २०८२।०१।२९ सम्म ३ दिन भलिबल, कबड्डी तथा हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गरिएको देखिन्छ। कार्यक्रममा खाजा खर्च रु. ९९,०००, पुरस्कार रु.३,६८,००० तथा विविध खर्च रु. ४५,००० लेखिएको छ। तर, कार्यक्रम सञ्चालनका लागि आवश्यक कार्यविधि तथा खर्चको प्रस्ताव तयार नगरी कार्यक्रम सञ्चालन गरिएको, स्वयंसेवक ३० जना र कर्मचारी १० जना समेत जम्मा ४० जनाको कार्यजिम्मेवारी श्रेस्तासहित स्पष्ट नखुलाइएको तथा कार्यपालिकाको निर्णयको आधारमा मात्र खर्च गरिएको पाइयो। स्पष्ट कार्यविधि, खर्च मापदण्ड तथा जिम्मेवारी निर्धारण बिना कार्यक्रम सञ्चालन हुँदा सार्वजनिक खर्चमा पारदर्शिता, मितव्ययिता तथा वित्तीय अनुशासन कायम नहुने जोखिम रहन्छ। आगामी दिनमा यस्ता कार्यक्रम सञ्चालन गर्दा खर्च प्रस्ताव स्वीकृत गरी कार्यविधि तथा खर्च मापदण्डको पालना गर्दै मितव्ययी तरिकाले कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

३३ **पालिका स्तरिय समिक्षा कार्यक्रम:**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययीता, प्रभावकारीता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था रहेको छ । भौ.न.४५६ मिति ०८१-१२-२९ बाट दोस्रो त्रैमासिक पालिका स्तरीय समिक्षा कार्यक्रम पालिकाको सभा हलमा सञ्चालन भएको छ। पालिकाले सभाहलमा कार्यक्रम सञ्चालन गर्दा भत्ता लगायतका अन्य सुविधा दिन मिल्ने कार्यविधि तयार गरेको छैन। पालिकाका ३७ जना जनप्रतिनिधि तथा कर्मचारीलाई सहभागी भत्ता वापत रु. ३७००० खर्च लेखेको छ । पालिकाकै कर्मचारी तथा जनप्रतिनिधिलाई सहभागी भत्ता दिन मिल्ने व्यवस्था नभएकोमा नियमित काम भित्र पर्ने काम पालिकाकै सभाहलमा सञ्चालन गरि खाजा/नास्ता समेत ब्यवस्था गरेकोमा पुन सहभागी भत्ता भुक्तानी गर्नु औचित्यपूर्ण देखिँदैन ।अत: पालिकाले गरेको यस किसिमको खर्च रु.३७००० नियमित मान्न नसकिएको ।

| | |
|---|---|
| अनियमित भएको | ३७,००० |

३४ **जिन्सी निरीक्षण :**

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नुपर्दछ । प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ८६ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा बर्षमा कम्तीमा एक पटक आफैं वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा समिति गठन गरी निरीक्षण गराई जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्ने उल्लेख छ । पालिकाले मिति ०८२।५।३१ गते तयार गरेको जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेखित मोटरसाईकल १ वटा, ल्यापटप ३ वटा, मोबाईल फोन ३ वटा, सिसि टिभि क्यामरा १४ वटा, प्रिन्टर ६ वटा समेत ३८ थान सामाग्रीहरु लिलाम गर्नुपर्ने र टयाबलेट १ वटा मर्मत संभार गर्नुपर्ने उल्लेख भएकोमा उल्लेखित जिन्सी सामग्रीहरुको मर्मत वा लिलाम विक्री गर्ने कार्य भएको देखिएन ।प्रचलित कानूनले तोकेको प्रकृया पुरा गरी लिलाम विक्री वा मर्मत गरिनुपर्दछ ।

३५ **वडा संचालन खर्च :**

पालिकाले वडा कार्यालयको लागि बजेट विनियोजन गरी कार्यालय संचालन सम्बन्धि सामाग्री खरिद गरेको आधारमा यो वर्ष रु.१८००००० खर्च लेखेको छ ।तर प्रमुख प्रशासकीय अधिकृतबाट वडा सचिवलाई खर्चको अख्तियारी दिएको छैन ।यस्तो अवस्थामा पालिकाबाटै खर्च गर्ने व्यवस्था मिलाउनुपर्दछ । सरकारी सम्पत्तिको अभिलेख राख्ने प्रयोजनको लागि महालेखा नियन्त्रकको कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) तयार गरी २०७८/७९ देखि अनिवार्य रुपमा प्रयोग गर्ने गरी लागु गरेकोले आर्थिक वर्ष २०७८/७९ देखि जिन्सी अभिलेख म्यानुअल (रजिष्टर) मा राख्न मिल्दैन । पालिकाले यो वर्ष वडा सञ्चालन खर्चको लागि वडा कार्यालयहरुबाट खरिद गरिएका खर्च भएर जाने सामाग्री तथा विविध खर्च गरी जम्मा रु.१८००००० म्यानुअल नै दाखिला गरेको देखियो । सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको पूर्ण रुपमा कार्यान्वियन हुनुपर्दछ ।

३६ **प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फः**

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार बेरोजगार व्यक्तिहरुलाई १०० दिनसम्मको रोजगारी प्रदान गर्ने तथा सामान्य प्रकृतिका निर्माण तथा मर्मत, कृषि कार्य लगायतका कामहरु गर्ने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। पालिकाले यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रममा विनियोजन रु. ४७,७४,००० भएकोमा रु. ४३९०७८५.६ खर्च गरेको छ। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु निम्न छन्।

३६.१ **कार्यक्रमबाट रोजगारीः** पालिकामा सुचिकृत ७९९ जना रहेकोमा ६८ जनालाई औसत ९६.९० दिन गरी जम्मा ६६५३ दिन रोजगारी दिएको देखिन्छ।यस कार्यक्रम मार्फत पालिकाको क्षेत्रभित्रमा सञ्चालन भएका ८ वटा गोरेटो बाटो निर्माण, खानेपानी पाइपलाईन निर्माण लगायतका कार्यहरु गरिएका छन्।सञ्चालन गरिएका कार्यक्रम मार्फत धेरै बेरोजगार व्यक्तिहरुले अल्पकालीन रोजगारी प्राप्त भएता पनि दीर्घकालीन रोजगारी दिने गरी कार्यक्रम सञ्चालन गरिएको पाइएन।यस कार्यक्रम मार्फत स्थानीयस्तरमा दीर्घकालीनम रोजगारी सिर्जना हुने गरी कार्यक्रम सञ्चालन गरिने तर्फ पालिकाले ध्यान दिनुपदर्छ।

३६.२ **उपलब्धीको समीक्षाः** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ७३(४) मा यस कार्यक्रमबाट भएको उपलब्धिको चौमासिक तथा वार्षिक समीक्षा गरी सो को प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमबाट भएको उपलब्धिको प्रगति समीक्षा गरेको देखिएन। निर्देशिकामा भएको व्यवस्था बमोजिम सार्वजनिक सुनुवाईको प्रबन्ध मिलाउनु पर्दछ।

३६.३ **सार्वजनिक सुनुवाईः** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,२०७५ को दफा ७८ अनुसार वर्षको कम्तिमा एकपटक सार्वजनिक सुनुवाई गर्नुपर्नेमा सो गरेको देखिएन। निर्देशिकामा भएको व्यवस्था बमोजिम सार्वजनिक सुनुवाईको प्रबन्ध मिलाउनु पर्दछ।

३७ **गरिबी निवारणको लागि लघु उद्यम कार्यक्रमः**

यस कार्यक्रम सञ्चालन गर्दा गरिबी निवारणको लागि लघु उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ पालना गर्नुपर्ने व्यवस्था रहेको छ। यसवर्ष पालिकाले यस कार्यक्रम सञ्चालनको लागि रु.१६०००००. विनियोजन गरेकोमा रु.९५९९६०.० खर्च गरेको देखिन्छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु यसप्रकार रहेका छन्।

३७.१ **कार्यक्रम बाँडफाँट**- गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बजेट तर्जुमा दायरा तालिका १ मा भएअनुसार बजेट बाँडफाँट गरी सोही निर्देशिकाको अनुसूची-३ अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ। पालिकाले निर्देशिका अनुसार नै बजेट बाडफाँट गरेको भएतापनि कार्यक्रम कार्यन्वयन गर्दा अनुसूची ३ ले तोकेको ढाँचामा कार्यक्रम सञ्चालन गरेको छैन। निर्देशिकाले लघु उद्यममा सामाजिक परिचालन, उद्यमशीलता विकास तालिम, प्राविधिक सीप विकास तालिम तथा प्रविधि हस्तान्तरण लगायतका विविध विषयहरु क्रमश: सञ्चालन गर्नुपर्ने व्यवस्था छ। पालिकाले बजेट व्यवस्थापन गरेतापनि उद्यम विकासका लागि सामाजिक परिचालन, उद्यमशिलता विकास तालिम र प्राविधिक सीप विकास तालिम गरी तीन शीर्षकको कार्यक्रममा खर्च गरेको देखिन्छ। निर्देशिकाले तोकेभन्दा फरक तरिकाले खर्च गरेकोले कार्यक्रममा सुधार गर्नु पर्दछ।

३७.२ **कार्यक्रमको प्रक्रिया तथा रेकर्ड व्यवस्थापनः** लघु उद्यम कार्यक्रमबाट लाभान्भित भएका व्यक्तिहरु तथा सञ्चालित कार्यक्रमको अभिलेख राख्न उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालयले gesimis.moics.gov.np प्रणाली प्रयोगमा ल्याएको छ।यस प्रणालीमा लघु उद्यमी तालिम तथा विकास सम्बन्धी चरण चरणका विवरणहरु अद्यावधिक गर्नुपर्ने व्यवस्था छ।पालिकाले लघु उद्यम सम्बन्धी कार्यक्रमका विभिन्न चरणमा सहभागी भएका लाभग्राहीहरुको अभिलेख यस सिस्टममा अद्यावधिक गरेको छैन।अभिलेख अद्यावधिक नभएका कारण विभिन्न चरणका तालिममा छुट्टाछुट्टै सहभागी हुन सक्ने पहिलो चरणको तालिम नलिएको व्यक्ति पछिल्लो चरणको तालिममा सहभागी हुन सक्ने सम्भावना रहन्छ। साथै हस्तान्तरित प्रविधि सदुपयोग भएको नहुन सक्ने समेत सम्भावना रहन्छ। तसर्थ gesimis.moics.gov.np को पुर्ण रुपमा प्रयोग गर्नुपर्दछ।

### ३८ कण्टिन्जेन्सी खर्च

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। पालिकाले कन्टिन्जेन्सी खर्च तर्फ मस्टरोलबाट काम गरेको उल्लेख गरी यस वर्ष रु.९ लाख ३० हजार कन्टीन्जेन्सी खर्च गरेको छ।

• सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ।

• कन्टिन्जेन्सी रकमको सीमा सबै निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था गरेको छ। वर्क चार्ट स्टाफ खर्च र र सानातिना अन्य खर्चका प्रकृतिका आधारमा निश्चित रकमको लागत अनुमान तयार गर्दा मात्र उक्त प्रतिशत कायम गरी बढी मूल्यको लागत अनुमान तयार गर्दा यस्तो प्रतिशतमा पुनरावलोकन गर्नु पर्दछ।

• कन्टिन्जेन्सी रकमबाट, कार्यालय मालसामान, इन्धन, विविध लगायतका चालू खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ।

### ३९ कण्टिन्जेन्सी रकमबाट सवारी साधन खरिदः

तमानखोला गाउँपालिकाको कण्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०७७ को बुँदा ४(ङ) मा सवारी साधन, कार्यालय भवन तथा मेशीनरी औजार उपकरणको मर्मत सम्भार खर्च गर्न सकिने व्यवस्था रहेको छ। सवारी साधन मर्मत गर्न मिल्ने गरी कार्यविधि भएको तयार भएको भएता पनि पालिकाले भौचर नं. २६८-२०८२।३।१३ बाट रु.४७४५००.० को ‘X pulse 200 v’ मोटरसाइकल खरिद गरेको देखिन्छ। तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पूर्ण पालना गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

### ४० स्वास्थ्य तर्फः

पालिकाले यसवर्ष स्वास्थ्य कार्यक्रमको लागि रु.३ करोड ४८ लाख २७ हजार विनियोजन गरी रु.२ करोड ५५ लाख ६६ हजार खर्च गरेको छ। यस सम्बन्धमा देखिएको व्यहोराहरु देहाय बमोजिम रहेका छन्।

४०.१ **औषधि खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ (१क) मा पचास लाख रुपैंयासम्मको एक्स-रे, इसिजि, औषधिजन्य मालसामान, रोगको निदान तथा उपचारको लागि प्रयोग हुने स्वास्थ्य सम्बन्धी उपकरणहरु खरिद गर्दा सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्न सकिने व्यवस्था रहेको छ। पालिकाले यस यसवर्ष सिलबन्दी दरभाउपत्र विधिद्वारा देहाय बमोजिम औषधि गरेको पाइयो। खरिद गरिएको औषधिको सुरक्षित भण्डारण र उपयोग तर्फ पालिकाले ध्यान दिनु पर्दछ।

| स्रोत | गो.भौ/मिति | आइटम संख्या | बजेट रु | सम्झौता रु | आपूर्तिकर्ता | भुक्तानी रु |
|---|---|---|---|---|---|---|
| पालिका | ५५९-२०८२।०२।०९ | ६४ | १००००००.० | ७३०२३३.० | सेतीदेवी मेडिसिन सप्लायर्स | ७३०२३३.० |
| पालिका | ५५९-२०८२।०२।०९ | | १५००००.० | १२१२५०.० | | १२१२५०.० |
| संघीय सशर्त | २३३-२०८२।०२।०९ | | १०९३०००.० | १०९३०००.० | | १०९३०००.० |
| जम्मा | | | २२४३०००.० | १९४४४८३.० | | १९४४४८३.० |

४०.२ **ब्याच नं, उत्पादन मिति, म्याद समाप्त मिति र निशुल्क वितरणको छाप बिना औषधी खरिदः** प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधिमा ब्याच नं. तथा कम्तीमा १८ महिना म्याद भएका हुनुपर्ने उल्लेख छ। तर पालिकाले यस बर्ष खरिद गरेका केही औषधीको ब्याच नं, उत्पादन मिति र अवधि उल्लेख नभएकाले यकिन गर्न सकिएन। पालिकाले खरिद गरेको औषधी गुणस्तरीय रहेको मान्न सकिएन। पालिकाले म्याद नाघेका/ननाघेका यकिन गर्ने आधार भएन। नमुना छनौटका आधारमा गरिएको परिक्षणमा कुनैपनि खरिदमा ब्याच नं, उत्पादन मिति र अवधि उल्लेख नभएको, निशुल्क वितरण गर्ने भन्ने छाप नलगाईएको। पालिकाले ब्याच नं लागायत Expire मिति उल्लेख भए नभएको यकिन गरेरमात्र खरिद गर्नुपर्ने देखिन्छ।

४०.३ **औषधिको खरिद, उपयोग तथा मौज्दात व्यवस्थापनः** औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका, २०७४ को परिच्छेद २ मा आपूर्ति व्यवस्थापन सम्बन्धी व्यवस्था, गुणस्तर, वितरण, भण्डारण, अभिलेख तथा प्रतिवेदन र विद्युतीय आपूर्ति व्यवस्थापन सूचना प्रणाली प्रयोग, स्वास्थ्य सामाग्रीको विवेशपूर्ण उपयोग लगायत विषय समावेश रहेको छ। पालिकाको स्वास्थ्य माहाशाखामा रहेको जिन्सी अभिलेख अनुसार ६ आइटमको मौज्दात र वितरण अवस्था निम्नानुसार रहेको छ।

| क्र.सं. | औषधिको नाम | २०८०।८१ | | | | २०८१।८२ | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | अ.ल्या. | आम्दानी | खर्च | बाँकी | अ.ल्या. | आम्दानी | खर्च | बाँकी |
| १ | Amoxycillin 500mg Cap | ७००० | ३०००० | ३४००० | ४००० | ४००० | २७००० | २४००० | ७००० |
| २ | Paracetamol 500mg Tab | ७००० | ४०००० | १७२०० | २९८०० | २९८०० | ६५५०० | ८८९२० | ६३८० |
| ३ | Ciprofloxacin 500mg Tab | ९०० | ३३१०० | ११८०० | २२२०० | २२२०० | १५३०० | ३६६०० | ९०० |
| ४ | Cetirizine 10mg Tab | ४००० | ० | ० | ४००० | ४००० | ४४५०० | ४१३०० | ७२०० |
| ५ | Zinc sulphate 20 mg | १९०० | १२८८० | २५०० | १०३८० | १०३८० | ७४०० | १५८८० | १९०० |
| ६ | Ranitidine 150mg Tab | १४४०० | ४०००० | ४४४०० | १०००० | १०००० | ३२००० | २७६०० | १४४०० |

४०.४ **मुख्य औषधिहरुको मौज्दात र म्याद सम्बन्धीः** प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधिमा ब्याच नं. तथा कम्तीमा १८ महिना म्याद भएका हुनुपर्ने उल्लेख छ। यसरी खरिद गरिएका जसका केही उदाहरणहरु निम्नानुसारका रहेका छन्।

| सि न | औषधिकोनाम | म्याद समाप्त हुने मिति | मौज्दात |
|---|---|---|---|
| १ | Paracetamol 500 mg | 1 Dec 2027 | ६३८० |
| २ | Cetrizine 10mg | 1 Jan 2027 | ७२०० |
| ३ | Amoxycillin 500mg | 1 Jan 2027 | ७००० |
| ४ | Tab Vitamin Bcomplex | 1 Jan 2027 | १२५०० |

अतः तोकिए अनुसार औषधि खरिद कारबाही गर्ने तर्फ ध्यान दिनुपर्दछ।

४०.५ **स्थायी दरबन्दीमा करारका कर्मचारीः** पालिकाले यस वर्ष स्वास्थ्य तर्फको दरबन्दीमा करार सेवामा ७ जना कार्यालय सहयोगी र २१ जना स्वास्थ्यकर्मी भर्ना गरी रु.८० लाख ३८ हजार खर्च गरेको देखिन्छ। स्थायी दरबन्दी र प्रकृतिको काममा करार कर्मचारी भर्ना गरी निरन्तर सेवा गराउने कार्य नियमसम्मत् देखिदैन। पालिकाले स्थायी कर्मचारी पदपूर्ति गर्ने तर्फ ध्यान दिनुपर्दछ। स्वास्थ्य तर्फ पालिकाको दरबन्दी र पदपूर्तिको अवस्था देहाय अनुसार रहेको छ।

| सि.न | तह | स्थायी | करार | जम्मा संख्या |
|---|---|---|---|---|
| १ | अधिकृत स्तर छैटौ र सातौ | ३ | ० | ३ |
| २ | पाचौ | २ | २ | ४ |
| ३ | चौथो | १ | १९ | २० |
| ४ | का.स | ० | ७ | ७ |
| | जम्मा | ६ | २८ | ३४ |

४०.६ **पालिकामा देखिएका प्रमुख स्वास्थ्य समस्याहरुः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)(झ)(१) मा आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन गर्नु स्थानीय तहको काम, कर्तव्य र अधिकार रहने व्यवस्था रहेको छ। पालिकाले तयार पारेको तथ्याङ्क अनुसार यसवर्ष देखा परेका प्रमुख १० स्वास्थ्य सम्बन्धी समस्याहरु देहाय अनुसार रहेका छन्। पालिकाले औषधि तथा स्वास्थ्य उपकरणहरु खरिद गर्दा सोही समस्याहरुलाई समाधान गर्ने गरी प्राथमिकताको आधारमा खरिद गर्नु पर्दछ।

| SN | ICD Code | Name of Diseases | Female | Male |
|---|---|---|---|---|
| १ | CA07.0 | URTI | ८३२ | ५९१ |
| २ | MG26 | Fever | ५८२ | ५०१ |
| ३ | CA09.0 | Rhinitis | ४६९ | ३२३ |
| ४ | CA03 | Tonsilitis | ४६९ | २९९ |
| ५ | DA42 | Cut Injury | २६२ | ४०८ |
| ६ | 5A14 | Gastritis(APD) | ४६४ | १७५ |
| ७ | MB4D | Headache | ४०६ | २२९ |
| ८ | ME84 | Musculoskeletal pain | २६९ | २१७ |
| ९ | EA8Z | Dermatitis | २९० | १५९ |
| १० | MD12 | Cough | २६८ | १६७ |
| | Total OPD Visit : ९०८६ | | | |

४१ **सामाजिक सुरक्षा भत्ता वितरण तर्फः**

४१.१ **सामाजिक भत्ता वितरण:** सामाजिक सुरक्षा सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रूपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। पालिकाले यस दफासँग सम्बन्धित अनुसूचीमा उल्लेख भए अनुसारका लाभग्राहीलाइ सामाजिक सुरक्षा भत्ता वितरणमा यो वर्ष कुल रु. ७१७२४९६०/- खर्च लेखेको छ।

| क.सं. | लाभग्राहीको विवरण | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | | जम्मा निकासा रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | |
| १ | अन्य ज्येष्ठ नागरिक भत्ता | ९७५ | ११६०१२२० | ९७८ | ११६४६१३३ | ९८९ | ११८०९८२१ | १०३० | १२२८९२४० | ४७३४६४१४ |
| २ | ज्येष्ठ नागरिक भत्ता(दलित) | ३९२ | ३०८८२६० | ४०० | ३१६८०६० | ४०५ | ३१८९५२३ | ३८३ | ३०३२४०० | १२४७८२४३ |
| ३ | ज्येष्ठ नागरिक एकल महिला | ६७ | ५२४०२० | ६६ | ५२६६८० | ६५ | ५१८७०० | ६३ | ५०२७४० | २०७२१४० |
| ४ | विधवा | १३६ | १०८५२८० | १३९ | ११०१२४० | १४२ | १११७२०० | १४३ | ११३८४८० | ४४४२२०० |
| ५ | पूर्ण अपाङ्गता भत्ता | १९ | २२७४३० | १९ | २२७४३० | १९ | २२७४३० | २१ | २४३६५६ | ९२५९४६ |
| ६ | अति अशक्त अपाङ्गता भत्ता | ४६ | २९१५३६ | ४७ | २९७९२० | ४७ | ३०००४८ | ४८ | २९३६६४ | ११८३१६८ |
| ७ | दलित बालबालिका | ५५३ | ८४७८६० | ५३५ | ८२६४४५ | ५२४ | ८०७१९२ | ५१९ | ७९५३५३ | ३२७६८४९ |
| | जम्मा | २१८८ | १७६६५६०६ | २१८४ | १७७९३९०८ | २१९१ | १७९६९९१४ | २२०७ | १८२९५५३२ | ७१७२४९६० |

४१.२ **निस्क्रिय खाता तथा लगत कट्टाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३(५) अनुसार सामाजिक सुरक्षा खाता सञ्चालन गर्ने बैंकले खाताहरु मध्ये निस्क्रिय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र दिनुपर्ने र कार्यविधिको दफा २६(३) अनुसार लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ।बैंकले निस्क्रिय खाता, डमी खाता तथा लगत कट्टा गरेको विवरण उपलब्ध नगराएकोले वितरित रकम यकिन हुन सकेन। पालिकाले बैंकबाट सो विवरण लिई लगत कट्टा तथा अन्य प्रकृया पूरा गरी भत्ता वितरण कार्यलाई यथार्थपरक बनाउनु पर्दछ।

४१.३ **मृत्यु पश्चात रकम जम्मा:**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **१७,६४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **७,१९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **३,३३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **१६,३९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **२३,०६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **१२,२६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **५,१९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **४०,५३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४१.४ **सार्वजनिक सुनुवाईः** स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक त्रैमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सार्वजनिक सुनुवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गर्ने परिपाटी बन्द गर्ने तर्फ पालिकाको ध्यान केन्द्रीत हुनु पर्दछ।

४१.५ **निरीक्षण तथा अनुगमनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्नु पर्ने व्यवस्था छ।पालिकाले निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन तथा सुपरिवेक्षण समिति गठन गरीएको पाइएन। कार्यविधिमा उल्लिखित व्यहोराको पूर्णरुपमा पालना गर्नु पर्दछ।

## ४२ ठेक्का व्यवस्थापन

४२.१ ठेक्का व्यवस्था: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले बोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ०.५० देखि २८.६७ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो लागत अनुमनको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं | योजनाको नाम | स्वीकृतलागत.ई.(भ्याट र कन्टीनजेन्सी सहित) | ठेक्का नं | ठेक्का स्वीकृतरकम(भ्याट र कन्टीनजेन्सी सहित) | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | प्रशासकीय भवन निर्माण | २२८३७७०९.६९ | ०४। TRM/BGL/NCB/2079/80 | १८२९६९५३ ७३१८७८(कन्टिन्जेन्सी) | १६.४५ |
| २ | वडा नं.-३ कार्यालय भवन | २१५७२२७७.९८ | ०५/TRM/BGL/NCB/2079/80 | १६८९६१९६ ६७७८४७(कन्टिन्जेन्सी) | १८.७२ |
| ३ | कृषि संकलन केन्द्र भवन निर्माण | ४००१२७०.९१ | ०१/TRM/BGL/NCB/२०८१/८२ | ३१६३५३५.३० १२६५४१(कन्टिन्जेन्सी) | १८.१३ |
| ४ | बोंगादोभान-बोंगाखानी ढोरपाटन सडक | १२०००२५८.९३ | ०२/TRM/BGL/NCB/२०८१/८२ | ७९८८१३३.७६ ३१९५२५(कन्टिन्जेन्सी) | ३२.२७ |
| ५ | जनमोति प्रा.वि. ४ कोठे भवन निर्माण | ५९२६७०६.३७ | ०३/TRM/BGL/NCB/२०८१/८२ | ४०८३०८२.२३ १६३३२३(कन्टिन्जेन्सी) | २८.६७ |
| ६ | लाम्मेला शोले पर्यटकीय पार्क निर्माण | ४५००७३५.४५ | ०४/TRM/BGL/NCB/२०८१/८२ | ३२३५२०९.०७ १२९४०८(कन्टिजेन्सी) | २६.८४ |
| ७ | नुनथला घाट कल्भर्ट निर्माण | ७८३९६८०.१४ | ०५/TRM/BGL/NCB/२०८१/८२ | ५७३५८६९.३५ २२९४३५(कन्टिन्जेन्सी) | २४.२७ |
| ८ | वडा नं.-६ कार्यालय भवन | १११८०८१६.८४ | ०६/TRM/BGL/NCB/२०८१/८२ | १०९३२५६७.६९ ४३७३०२(कन्टिन्जेन्सी) | ०.५० |

यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्मशमानै अधिक मुल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमा नै गुणस्तरीय कार्य हुने भएमा नर्मशमा समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ ।

४२.२ **ठेक्काको पूर्वतयारीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माण स्थलको व्यवस्था नभई बोलपत्र आव्हान गर्न नहुने व्यवस्था छ। कार्यालयले वातावरणीय प्रभाव अध्ययन गर्ने, रूख हटाउने, विद्युतका पोल सार्ने र मुआब्जा तथा क्षतिपूर्ति वितरण गर्ने लगायतका पूर्व तयारीका कार्य नगरी ठेक्का लगाएको वा सडक, पुल तथा भवन निर्माण गर्ने ८ वटा ठेक्काहरूमा पूर्व तयारीको काम समावेश गरी रू. ७ करोड ६७ लाख १५ हजारको खरिद सम्झौता गरेको देखिन्छ। बोलपत्र गर्नुअघि नै सम्पादन गर्नुपर्ने कार्य ठेक्कामा समावेश गरी निर्माणको समय पनि पूर्व तयारीका काममा खर्चिनु पर्दा ठेक्काको समय र लागत वृद्धि भएको छ । नियमको पूर्ण पालना गर्नु पर्दछ ।

४२.३ **ठेक्का सम्झौताको पालनाः** खरिद सम्झौता अनुसार निर्माण कार्य गर्नुपर्दछ। यस पालिकाले १२७ कामका ८ ठेक्का सम्झौताको काम गराउदा संयुक्त उपक्रमका सबै साझेदार काममा सहभागी नभएको, बिड डकुमेन्टमा उल्लेख भएका उपकरण तथा कर्मचारी निर्माण कार्यमा प्रयोग गरेको अभिलेख नराखेको, सम्झौताको व्यवस्थाको सट्टा खरिद नियमावलीको आधारमा म्याद थप गरेको, समय र लागत वृद्धि सम्बन्धी विषयमा निर्माण व्यवसायीबाट पूर्व जानकारी लिने नगरेको, निर्माण व्यवसायीबाट भेरिएसनको प्रस्ताव पेस भएको ७ दिनभित्र स्वीकृति दिई भेरिएसनको काम गराउनुपर्नेमा काम सम्पन्न गरेपछि स्वीकृति दिने समेत गरेको, लमसम ठेक्कामा नगद प्रवाहको अनुमान बेगर कार्यतालिका अद्यावधिक गर्ने गरेको, निर्माण व्यवसायीको कारणबाट काममा ढिलाइ भएको अवस्थामा पनि मूल्य समायोजन भुक्तानी गरेको, मोबिलाइजेशन पेस्की काममा प्रयोग गरेको प्रमाण पेश नगरेको, निर्माण व्यवासायीबाट विशेष परिस्थितिको

सूचना लिने नगरेको, एज बिल्ट नक्सा पेस नगर्ने निर्माण व्यवसायीको सम्झौतामा उल्लेख भए अनुसारको रकम रोक्का राख्ने नगरेको अवस्था छ। यसबाट ठेक्काको समय र लागत बढ्न जान्छ। ठेक्का सम्झौतानुसार निर्माण व्यवसायीले निर्धारित समयमा काम शुरु नगरेमा, पेस्की जमानत अन्य काममा प्रयोग गरेमा, ३० दिन भन्दा बढि अवधि काम रोकेमा, गरेको काममा देखिएको त्रुटि नसच्याएमा, जमानत अद्यावधिक नगरेमा ठेक्का तोड्न सकिने व्यवस्था भए तापनि ती व्यवस्था कार्यान्वयनमा आएका छैनन्। सम्झौताका उल्लिखित प्रावधानहरू कार्यान्वियन गराउन ठेक्का कार्यान्वियनमा सबैले अहम् भुमिका निभाउनु पर्दछ।

४३ **प्रशासकिय भवन**

**ठेक्का नं. 04/TRM/BGL/NCB/2079/80 प्रशासकिय भवन निर्माण तमानखोला:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, ६३ र सो को नियमावलीको नियम १२८ अनुसार खरिद तथा निर्माणको सम्झौता गर्नेले सम्झौता बमोजिम काम नगरेमा कार्य अस्वीकार गर्ने, त्रुटिपूर्ण मालसामान तत्काल हटाउने र सम्वन्धित निर्माण व्यवसायिबाट प्रतिस्थापन गर्न लगाउने, आनुषाङ्गिक क्षतिपूर्ती भराउने, सम्झौता बमोजिम प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत पेश्की र कार्य सम्पादन जमानी प्राप्त गर्ने, १० प्रतिशत सम्म पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, बाँकी काम सम्झौता गर्नेको लागतबाट पुरा गराउने र कालोसूचीमा राख्न लेखि पठाउने व्यवस्थाहरू छन् । यस कार्यालय अन्तर्गत ठेक्का नं. 04/TRM/BGL/NCB/2079/80 प्रशासकिय भवन निर्माण तमानखोला निर्माण कार्यको लागि कार्यालय र निर्माण व्यवसायी दिर्घायु कन्सट्रक्सन तथा सप्लायर्स कम्पनी बिच कबोल अंक रु १८२९६९५२।७७ (मू.अ.कर समेत) को मिति २०८२।०३।३० मा काम सम्पन्न गर्नेगरी मिति २०८०।०३।२२ मा सम्झौता भएको छ । तर कार्यपालिकाको निर्णयनुसार मिति २०८२।०७।३० सम्म म्याद थप गरिएको छ। यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :

• **बिमाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायिले बिमा गराउनुपर्ने व्यवस्था छ । उक्त बिमाको अवधि त्रुटी सच्याउने दायित्वको अवधिसम्म रहनुपर्ने उल्लेख छ । निर्माण कार्यको कार्यसम्पन्न हुने समय २०८२।०७।३० रहेकोमा त्रुटि सच्याउने दायित्व २०८३।०३।१२ (DLP 12 month) सम्म रहने हुदा बिमा अवधि सम्म मात्र रहेको देखियो । कानुनमा भएको व्यवस्था अनुसार त्रुटि सच्याउने दायित्व अवधि सम्मको बिमा गराउनु पर्दछ ।

• **म्याद थपः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको अवधि थप सम्वन्धी व्यवस्था रहेको छ । यस निर्माण कार्यको म्याद कार्यालयले एकमुष्ट मिति २०८२।०७।३० सम्म थप भएको देखियो । निर्माण सामाग्री लगायतका कारण उल्लेख गरी म्याद थप गरेको भएतापनि उल्लिखित कारणहरुको पुष्टि हुने गरी कागजात संलग्न गरेको देखिदैन । अधावधिक प्रगति विवरण, डेली डायरी नराखी स्ववीवेकीय तवरवाट म्याद थप गर्ने परिपाटिमा नियन्त्रण हुनुपर्दछ ।

• **अद्यावधिक कार्यतालिकाः** सम्झौताको SCC को GCC 34.1 The contractor shall submit for approval a program for the works within 30 days from the date of the letter of acceptance. उल्लेख भएकोमा कार्यतालिका स्विकृत गराएको प्रमाण पेश भएन । यसैगरी SCC को GCC 34.4 मा The period between program updates is 60 days. The amount to be withheld for late submission of an updated program is 20000 रहेकोमा म्याद थप हुदा समेत अद्यावधिक कार्यतालिका पेश गरेको नदेखिएकोले सम्झौता अनुसार रोक्का राख्नुपर्नेमा सो गरेको देखिएन । सम्झौताको पालना पुर्णरुपमा गर्नु पर्दछ।

• **कार्यसम्पादन जमानतः** सम्झौतामा The Performance Security amount is Nrs. As per PPR Regulation and Bid रहेकोमा कार्यसम्पादन जमानतको मिति २०८३।०८।३० सम्म रहेको देखिन्छ। कार्यसम्पादन जमानत PPR Regulation and Bid अनुसार हुनु पर्दछ।

४४ **निर्माण कार्य**

पालिकाले विभिन्न ८ वटा निर्माण कार्यका लागि फरक फरक मितिमा कार्य सम्पन्न हुने गरि ठेक्का सम्झौता गरेको छ । शुरु सम्झौता बमोजिमको मितिमा निर्माण कार्य सम्पन्न नभएपछी कार्यपालिकाको निर्णय बमोजिम म्याद थपेकोमा केही योजना म्याद थपको निर्णय गरेपनि लेखापरीक्षण अवधि २०८2।0८।१० सम्म सम्पन्न भएको छैन । जसमा निर्माण व्यवसायीले म्याद थपको लागि पेश गरेको

अद्यावधिक कार्यक्रम समेत पेश गरेको देखिएन । पालिकाले समयमै निर्माण कार्य सम्पन्न गराउनु पर्दछ । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय बमोजिम छन् ।

| क्र.सं. | योजनाको नाम (ठेक्का नं) | कार्य सम्पन्न मिति | जमानत मिति | बिमा अवधि | ठेक्का स्वीकृतरकम(भ्याट र कन्टीनजेन्सी सहित) | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | प्रशासकीय भवन निर्माण ०४।TRM/BGL/NCB/2079/80 | | | | १८२९६९५३ ७३१८७८(कन्टिन्जेन्सी) | १६.४५ |
| २ | वडा नं.-३ कार्यालय भवन ०५/TRM/BGL/NCB/2079/80 | | | | १६८९६१९६ ६७७८४७(कन्टिन्जेन्सी) | १८.७२ |
| ३ | कृषि संकलन केन्द्र भवन निर्माण ०१/TRM/BGL/NCB/२०८१/८२ समि २०८१।०८।२१ | २०८२।०२।३० | २०८३।०३।३० | २०८२।१०।२० | ३१६३५३५.३० १२६५४१(कन्टिन्जेन्सी) | १८.१३ |
| ४ | बोंगादोभान-बोंगाखानी ढोरपाटन सडक०२/TRM/BGL/NCB/२०८१/८२ ०२/TRM/BGL/NCB/२०८१/८२ २०८१।०८।२१ | २०८२।०२।३० | २०८३।०३।३० | २०८२।११।१० | ७९८८१३३.७६ ३१९५२५(कन्टिन्जेन्सी) | ३२.२७ |
| ५ | जनमोति प्रा.वि. ४ कोठे भवन निर्माण ०३/TRM/BGL/NCB/२०८१/८२ स मि २०८१।११।०५ | २०८३।०३।०३ | २०८४।०४।०४ | २०८३।०३।०३ | ४०८३०८२.२३ १६३३२३(कन्टिन्जेन्सी) | २८.६७ |
| ६ | लाम्मेला शोले पर्यटकीय पार्क निर्माण ०४/TRM/BGL/NCB/२०८१/८२ २०८१।१०।२४ | २०८२।०३।१० | २०८३।०४।११ | २०८२।०३।१० | ३२३५२०९.०७ १२९४०८(कन्टिजेन्सी) | २६.८४ |
| ७ | नुनथला घाट कल्भर्ट निर्माण ०५/TRM/BGL/NCB/२०८१/८२ २०८१।११।२६ | २०८३।०३।०३ | २०८२।०८।०१ | २०८२।१२।१८ | ५७३५८६९.३५ २२९४३५(कन्टिन्जेन्सी) | २४.२७ |
| ८ | वडा नं.-६ कार्यालय भवन ०६/TRM/BGL/NCB/२०८१/८२ २०८२।०३।२४ | २०८३।०३।१५ | २०८४।०५।०२ | २०८३।०३।१५ | १०९३२५६७.६९ ४३७३०२(कन्टिन्जेन्सी) | ०.५० |

• **निर्माण कार्यतालिकाः** निर्माण व्यवसायिसँग भएको सम्झौता जेनेरल कन्डिसन अफ कन्ट्र्याक्टको वुँदा नं. ३४.३ अनुसार निर्माण व्यवसायिले प्रत्येक ६० दिनमा निर्माण कार्यतालिका अद्यावधिक नगरेमा रु. १ लाख रोक्का राख्नुपर्ने उल्लेख छ । निर्माण व्यवसायिले सम्झौता वमोजिम प्रत्येक ६० दिनमा अद्यावधिक कार्यतालिका पेश गरेको देखिएन।कार्यालयले पेश्की जमानत, कार्यसम्पादन जमानत, ईन्सुरेन्स रकम र मिति यकिन गरि कट्टा गर्नुपर्ने देखिन्छ । साथै निर्माण कार्यको कार्यसम्पादन जमानतको म्याद समेत गर्नुपर्ने देखिन्छ ।

• **बिमाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायिले बिमा गराउनुपर्ने व्यवस्था छ । उक्त बिमाको अवधि त्रुटी सच्याउने दायित्वको अवधिसम्म रहनुपर्ने उल्लेख छ । निर्माण कार्यको कार्यसम्पन्न हुने समय देखी त्रुटि सच्याउने दायित्व (DLP 12 month) सम्म रहने हुदा केही योजनाको बिमा अवधि सम्म मात्र रहेको देखियो । कानुनमा भएको व्यवस्था अनुसार त्रुटि सच्याउने दायित्व अवधि सम्मको बिमा गराउनु पर्दछ ।

• **म्याद थपः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको अवधि थप सम्वन्धी व्यवस्था रहेको छ ।

यस निर्माण कार्यको म्याद पालिकाले एकमुष्ट थप गरेको देखियो । निर्माण सामाग्री लगायतका कारण उल्लेख गरी म्याद थप गरेको भएतापनि उल्लिखित कारणहरुको पुष्टि हुने गरी कागजात संलग्न गरेको देखिदैन । अधावधिक प्रगति विवरण, डेली डायरी नराखी स्ववीवेकीय तवरवाट म्याद थप गर्ने परिपाटिमा नियन्त्रण हुनुपर्दछ ।

• **कार्यसम्पादन जमानतः** सम्झौतामा The Performance Security amount is Nrs. As per PPR Regulation and Bid रहेकोमा कार्यसम्पादन जमानतको मिति २०८२।८।१ सम्म नुन्थला घाट कल्भर्ट निर्माणको रहेको देखिन्छ। कार्यसम्पादन जमानत PPR Regulation and Bid अनुसार हुनु पर्दछ।

४५ **कृषि संकलन केन्द्र**

01/TRM/BGL/NCB/2079.80 कृषि संकलन केन्द्र भवन निर्माण वडा न १ तमानखोला : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, ६३ र सो को नियमावलीको नियम १२८ अनुसार खरिद तथा निर्माणको सम्झौता गर्नेले सम्झौता बमोजिम काम नगरेमा कार्य अस्वीकार गर्ने, त्रुटिपूर्ण मालसामान तत्काल हटाउने र सम्वन्धित निर्माण व्यवसायीबाट प्रतिस्थापन गर्न लगाउने, आनुषाङ्गिक क्षतिपूर्ती भराउने, सम्झौता बमोजिम प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत पेश्की र कार्य सम्पादन जमानी प्राप्त गर्ने, १० प्रतिशत सम्म पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, बाँकी काम सम्झौता गर्नेको लागतबाट पुरा गराउने र कालोसूचीमा राख्न लेखि पठाउने व्यवस्थाहरू छन् । यस कार्यालय अन्तर्गत ठेक्का नं. 01/TRM?BGL/NCB/2079.80 कृर्षि संकलन केन्द्र भवन निर्माण वडा न १ तमानखोला निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी श्री सोले निर्माण सेवा बिच कबोल अंक रु ३१६३५३५.३० (मू.अ.कर समेत) को मिति २०८२।०२।३० मा काम सम्पन्न गर्ने गरी मिति २०८१।०८।२१ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :

• **निर्माण कार्यतालिकाः** निर्माण व्यवसायिसँग भएको सम्झौता जेनेरल कन्डिसन अफ कन्ट्रयाक्टको बुँदा नं. ३४.३ अनुसार निर्माण व्यवसायिले प्रत्येक ६० दिनमा निर्माण कार्यतालिका अद्यावधिक नगरेमा रु. १ लाख रोक्का राख्नुपर्ने उल्लेख छ । निर्माण व्यवसायिले सम्झौता वमोजिम प्रत्येक ६० दिनमा अद्यावधिक कार्यतालिका पेश गरेको देखिएन।कार्यालयले पेश्की जमानत, कार्यसम्पादन जमानत, ईन्सुरेन्स रकम र मिति यकिन गरि कट्टा गर्नुपर्ने देखिन्छ । साथै निर्माण कार्यको कार्यसम्पादन जमानतको म्याद समेत गर्नुपर्ने देखिन्छ ।

• **बिमाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले बिमा गराउनुपर्ने व्यवस्था छ । उक्त बिमाको अवधि त्रुटी सच्याउने दायित्वको अवधिसम्म हनुपर्ने उल्लेख छ । निर्माण कार्यको कार्यसम्पन्न हुने समय २०८२।१०।२० सगै १२ महिना डिएलपी रहेको छ। कानुनमा भएको व्यवस्था अनुसार त्रुटि सच्याउने दायित्व अवधिसम्मको बिमा गराउनुपर्दछ ।

• **कार्यसम्पादन जमानतः** सम्झौतामा The Performance Security shall be provided to the Employer no later than the date specified in the Letter of Acceptance and shall be issued in an amount specified in the SCC, by a ‘A’ class commercial bank acceptable to the Employer, and denominated in Nepalese Rupees. The Performance Security shall be valid until a date 30 days from the date of issue of the Defect Liability Certificate in the case of a bank guarantee. उल्लेख छ । मिति २०८२।०२।३० मा काम सम्पन्न गर्नुपर्ने गरी सम्झौता भएकोमा कार्यसम्पादन जमानत २०८३।०३।३० रहेको छ। कानुनमा भएको व्यवस्था बमोजिम कार्यसम्पन्न गर्नुपर्ने अवधिको १३ महिना पश्चातसम्म अवधि रहने गरी कार्यसम्पादन जमानत राख्नु पर्दछ ।

४६ **उपभोक्ता समिति मार्फत कार्यः**

पालिकाले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्यावधिक गरेको छ । लेखापरीक्षणको क्रममा तयार गरी पेश गरेको विवरण अनुसार गत विगत र यो वर्षमा शुरुवात भई ग्राभल निर्माण कार्य, ढलान कार्य, ड्रेन बनाउने कार्य,कलभर्ट बनाउने कार्य, मन्दिर सौन्दर्यकरण, माटो पूर्ने लगायतका कार्यको लागि रु.१ लाखभन्दा कमको योजना २ रु. १ लाख देखि पाँच लाख सम्मका योजना ७९ लगायत १०० वटा योजनाहरुको रु.७७३५००००.० को लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिहरुसँग सम्झौता गरिएकोमा उक्त योजनाहरुमा यो वर्ष जम्मा रु.५९७३४८१५.० को कार्य भएको देखिएकोमा रु.५९७३४८१.० को कार्य जनसहभागिताबाट गरी

रु. ६५७०८२९६.० भुक्तानी भएको विवरण पेश भएको छ। यस वर्ष सशर्त बाहेक पालिका पूँजीगत खर्च रु.८२३५६१६८.० मध्ये उपभोक्ताबाट ८१.४७ प्रतिशत उपभोक्ताबाट सम्पादन गरेको छ । जसमध्ये केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सोका फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

४६.१ **योजना संख्या र लागत अनुमानः** पालिकाबाट प्राप्त विवरण अनुसार उपभोक्ता समिति मार्फत सञ्चालित योजना र तिनको लागत अनुमान अनुसार योजनाको वर्गीकरण देहाय अनुसार रहेको छ।

| **क्र.सं.** | **विवरण** | **योजनासंख्या** | **रकम रु.हजारमा** |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | २ | १६१ |
| २ | रु.१ लाख एकदेखि पाँच लाख सम्मका योजना | ७९ | २३५८४ |
| ३ | रु.५ लाखदेखि १० लाख सम्मका योजना | १४ | ११८९६ |
| ४ | रु.10 लाख एकदेखि ५० लाख सम्मका योजना | ५ | ७६९५ |
| ५ | रु.५० लाख भन्दा माथिका | ० | ० |
| | **जम्मा** | | **४३३३८** |

४६.२ **जटिलसंरचना निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले गरेका निर्माण कार्यहरु मध्ये अधिकाशं निर्माण कार्यमा जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराउन उपयुक्त हुने देखिन्छ । नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनु पर्दछ ।

४६.३ **भुक्तानीको सिफारिसः** उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा अधिकांशमा फोटाहरु र सम्बन्धित वडाको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको देखियो । सम्बन्धित वडाले भुक्तानीको सिफारिस नगर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको एकिन हुन सक्ने देखिदैन। यसबाट तोकिए बमोजिमको कार्यहरु भएको छ भन्न सकिने अवस्था देखिएन।

४६.४ **जनसहभागिताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने व्यवस्था छ । उपभोक्ताको अंश नगद नरहि श्रमदानबाट हुने देखिन्छ । यसबाट गुणस्तरीय कार्य भएको छ भन्न सकिने आधार देखिएन । उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश वृद्धि गरी योजनामा उपभोक्ताको अपनत्व वृद्धि गर्नु पर्दछ ।

४६.५ **कामको नापजाच र हस्तान्तरणः** योजनाहरुको नापी किताबमा एक जना प्राविधिकको मात्र हस्ताक्षर नापीकिताब, ठेक्का बिल, र कार्य सम्पन्न प्रतिवेदनमा गरेको देखियो जसमा तालुक कर्मचारी, उपभोक्ता समितिले समेत प्रमाणित नगरेको पाइयो । यसबाट उपभोक्ता समितिबाट गरिएका कार्यहरुको यथार्थ मुल्यांकन सम्वन्धमा आश्वस्त हुनसक्ने अवस्था देखिएन । सम्पूर्ण योजनाहरु अद्यावधिक नगरेका कारण आवधिक रुपमा भुक्तानी भएका योजनाहरु दोहोरो परे नपरेको यकिन गर्न सकिएन । कार्यालयले योजनाहरुको अद्यावधिक लगत बनाई राख्नु पर्दछ ।

४६.६ **सार्वजनिक परिक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । पालिकाले गरेका कार्यका कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेको पाईन्छ । केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ । परीक्षण गरेको भौचर नं ८७, २१०, २२७, २४६, २४८ लगायतका श्रेस्तामा खर्च सार्वजनिकीकरण गरेको छैन । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रर्बद्धन गर्नुपर्दछ।

४६.७ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७, ९७ क तथा उपभोक्ता समिति सम्बन्धी कार्यविधिको व्यवस्था अनुसार कानुन अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, लगायतका मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्थाहरु रहेका छन् । उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्त अनुसार ३३ प्रतिशत महिला सदस्य हुनुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिबाट कार्यहरु गराउदा उपयुक्त व्यवस्थाको पूर्ण पालन भएको देखिदैन । उपभोक्ता समितिबाट कार्यहरु गराउदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्दछ ।

४६.८ बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको आश्वस्त हुन सिक्ने अवस्था देखिएन । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्बन्धमा समेत यकिन हुने आधार देखिन । कार्यालयले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

४७ **खर्चको परीक्षण :**

४७.१ **विविध खर्च :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष विविध खर्च शीर्षकबाट रु.१११०९७ खर्च लेखेको छ । पालिकाले उपलब्ध बजेटलाई कार्यक्रम बनाई उपलब्धीमुलक क्षेत्रमा खर्च गरेर यस्ता प्रकृतिका खर्चमा न्यूनीकरण गर्नुपर्दछ ।

४७.२ **ईन्धन खर्चः** नेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७७ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष रु.३७५६३० इन्धन शिर्षकमा खर्च लेखेको छ । इन्धन खर्चको मापदण्ड तयार गरेको छैन । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकामा मोटर साइकल १ थान, स्कुटर १ थान र स्कार्पियो १ थान रहेकोमा सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी स्पष्ट अभिलेख राखेको छैन । जसले गर्दा इन्धन खर्चमा पालिकाले मितव्ययिता अपनाएको छ भन्ने सम्बन्धमा स्पष्ट हुन सकिएन । इन्धन खर्चलाई मितव्ययी बनाउन स्पष्ट मापदण्ड बनाई खर्च लेख्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । त्यसैगरी इन्धन खपतको विवरण सार्वजनिक सम्पत्ति व्यवस्थापन प्राणाली (PAMS) मा प्रविष्ट गरी इन्धन खर्चलाई पारदर्शि बनाउनु पर्दछ ।

४७.३ **भ्रमण खर्च :** भ्रमण खर्च नियमावली, २०६४ को नियम १६(१) मा भ्रमणमा खटिने पदाधिकारीले दैनिक भत्ता तथा भ्रमण खर्चको बिलसँग भ्रमण प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ ।त्यसैगरी सोही नियमावलीको नियम २१ मा भ्रमणमा खटिने कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण अभिलेख राख्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष पदाधिकारी तथा कर्मचारीको लागि रु.९९०८०० भ्रमण खर्च लेखेकोमा नियमावलीमा भएको व्यवस्था अनुरुप भ्रमण अभिलेख खाता राखेको छैन भने अधिकांश कर्मचारी

तथा पदाधिकारीले भ्रमण पश्चात भ्रमण प्रतिवेदन पेश गरेका छैनन् । नियमावलीमा भएको व्यवस्थाको पालना गरी भ्रमण अभिलेख राखेर मात्र भ्रमण खर्च लेख्नेतर्फ पालिकाले ध्यान पुर्याउनु पर्दछ ।

४८ **खेलकुद कार्यक्रम :**

पालिकाले यस वर्ष विविध खेलकुद तथा साँसकृतिक कार्यक्रम शीर्षकमा रु.३४२६०० खर्च गरेको छ ।वडाबाट र युवा क्लव बाट विभिन्न प्रतियोगितामा आवश्यक सामाग्रीहरु खरिद गरी वितरण गरेको छ । पालिकाले प्रत्येक वर्ष विभिन्न क्लव र वडागत बजेट विनियोजन गरी क्लव र वडा कार्यालयले खर्च गरिरहेकोमा सो को उपलब्धी मापन गरेको देखियन। वडाले प्रत्येक वर्ष कुन अनुपातमा के कति सामाग्री खरिद गरेको छ सो को अभिलेखीकरण नहुँदा खर्चमा मितव्ययीता तथा प्रभावकारी तवरले खर्च भएको देखिदैन ।अत: यस्तो खर्च गर्दा लगत राखी खर्च गर्नुपर्दछ र पालिकाले नै आर्थिक वर्षको लागि आवश्यक सामाग्री यकिन गरी एकमुष्ठ खरिद गरी वडामा सामाग्री वितरण गर्नु प्रभावकारी देखिन्छ ।

४९ **अनुत्पादक खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहायका अनुत्पादक प्रयोजनमा खर्च गरेकोले वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपर्दछ ।उदाहरण -

| भौ. न / मिति | खर्चको विवरण | भुक्तानी रकम |
|---|---|---|
| ४०८।०८१-१२-२० | नेपाल मगर विधार्थि संघ | १५००० |
| ५४८।०८२-२-६ | नेपाल प्रेस युनियन | ३०००० |
| ५६४।०८२-२-९ | ढोरपाटन युवा खेलकुद क्लव | २५००० |
| ९७९।०८२-३-२५ | नेपाल आदिवासी जनजाति पत्रकार महासंघ | १०००० |
| ११०।०८१-८-७ | तिज कार्यक्रम वडा नं - १ | ५०००० |
| ११९।०८१-८-९ | तिज कार्यक्रम वडा नं - ६ | ४०००० |
| २८०।०८१-१०-२१ | तिज कार्यक्रम वडा नं - ५ | ४०००० |

५० **आन्तरिक आयः**

५०.१ **केन्द्रीय अनुदानको तुलनामा आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्चरु. | आन्तरिक आय रु. | केन्द्रीय खर्चको तुलनामा आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २४६११४३५८.० | ३२३०६५७.० | १.३१ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.३१ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्ने तर्फ ध्यान दिनु पर्दछ।

५०.२ **निरीक्षण नभएकोः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सो को अभिलेख अध्यावधिक गर्न लगाउनु पर्नेमा

सो अनुसार गरेको पाईएन। कार्यालयमा प्राप्त हुनुपर्ने सबै राजस्व प्राप्ति भई कानूनी प्रकृया पूरा गरी समयमै दाखिला भएको पहिचान गर्ने गरी प्रकृयामा सुधार गर्नु पर्दछ।

५०.३ **आन्तरिक आयको विश्लेषणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा सम्पत्ति कर र भूमिकर, घरजग्गा वहाल कर, व्यवसाय कर, वहाल विटौरी लगायत शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा गत तीन वर्षको सङ्कलनको स्थिति निम्न छन् ।

| क्र.स. | आम्दानी शीर्षक | आर्थिक वर्ष अनुसार सङ्कलन रु. | | |
|---|---|---|---|---|
| | | ०७९।८० | ०८०।८१ | ०८१।८२ |
| २ | भूमिकर/मालपोत | १३६२४२८.० | ७७२०४३.० | ९०२७०४.० |
| ३ | वहाल कर | २७७४००.० | ३०००००.० | ७१३८८७.४२ |
| ४ | व्यावसाय कर | १७८२१५.० | ७०७००.० | १२०५४९.० |
| ५ | अन्य आय | २५०२०९५.० | ३२०६२३९.० | १४९३५१७.० |
| | जम्मा | ४३२०१३८.० | ४३४८९८२.० | ३२३०६५७.७७ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार भूमिकर, वहाल कर, व्यावसाय कर लगायतका क्षेत्रहरुमा भएको सङ्कलनको अवस्थामा उच्च उतारचढाव देखिन्छ। यसतर्फ पालिकाले आवश्यक अध्ययन गरी सो हुनुको कारण पहिचान गर्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनु पर्ने देखिन्छ।

५०.४ **राजश्व लक्ष्य र सङ्कलनः** पालिकाको आर्थिक वर्ष ०८१।८२ मा अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वियन गर्नको निम्ति स्थानीय कर तथा शुल्क सङ्कलन गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न आर्थिक ऐन, २०८१ तयार पारी राजश्व सङ्कलन गरेको देखिन्छ। पालिकाको विगत ३ वर्षको राजश्व लक्ष्य र सङ्कलनको अवस्था देहाय अनुसारको रहेको छ।

रकम रु. हजारमा

| आर्थिक वर्ष ०७९।८० | | | आर्थिक वर्ष ०८०।८१ | | | आर्थिक वर्ष ०८१।८२ | | |
|---|---|---|---|---|---|---|---|---|
| लक्ष्य | सङ्कलन | प्रगति % | लक्ष्य | सङ्कलन | प्रगति % | लक्ष्य | सङ्कलन | प्रगति % |
| ३२०० | ४३२०.१३ | १३५ | ३३०० | ४३४८.९९ | १३२ | ३५०० | ३२३०.६६ | ९२ |

विगत ३ वर्षको राजश्व लक्ष्य र सङ्कलनको अवस्थालाई हेर्दा लक्ष्यको तुलनामा सङ्कलन आर्थिक वर्ष ०७९।८० मा १३५ प्रतिशत, ०८०।८१ मा १३२ प्रतिशत र ०८१।८२ मा ९२ प्रतिशत रहेको देखियो । पालिकाले विगत २ आर्थिक वर्षहरुमा लक्ष्यभन्दा सङ्कलन बढी गरेको भएता पनि ०८१।८२ मा लक्ष्यलाई भेट्टाउन सको देखिएन। पालिकाले आफ्नो राजश्व सङ्कलनमा भएको उच्च उतारचढावलाई सन्तुलित गर्दै आन्तरिक आय वृद्धि गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

५०.५ **राजश्व परामर्श समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ मा राजश्व परामर्शको लागि एक स्थानीय राजश्व परामर्श समिति सम्बन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्बन्धी आवश्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्बन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत, दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको विश्लेषण गरी सो सम्बन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ। यसवर्ष पालिकाको राजश्व परामर्श समितिको ३ वटा बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन। कानूनतः भएको व्यवस्था अनुसार आफ्नो कार्य प्रभावकारी रुपमा पूरा गर्नु पर्दछ।

५०.६ **राजश्व दाखिलाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । पालिका अन्तर्गतका विभिन्न वडा कार्यालयहरुले आफ्नो जिम्मामा आएको सरकारी नगदी उल्लिखित व्यवस्था अनुरुप तोकिएको समयमा नियमित दाखिला गरेको पाइएन । पालिकाले वडा कार्यालयहरुलाई आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट बैंक दाखिला गराउने तर्फ आवश्यक व्यवस्था गराउनु पर्दछ, अन्यथा दफा २८(२) मा व्यवस्था भए बमोजिमका कारबाही तर्फ ध्यान दिनु पर्दछ।

५०.७ **व्यावसाय करः** पालिकाको आर्थिक ऐन २०८१ को दफा ३ मा पालिका क्षेत्रभित्र व्यापार, व्यावसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची २ बमोजिम कर लगाइने र असुल उपर गरिनेछ भन्ने व्यवस्था रहेको छ । पालिकाबाट प्राप्त विवरण अनुसार पालिकामा हालसम्म व्यावसाय दर्ता गरेका करदाताहरु ३१५ रहेकोमा यसवर्ष व्यावसाय नवीकरण गर्ने करदाताहरु १३९ जनामात्र रहेको देखियो । १७६ करदाताहरु व्यावसाय नवीकरण गर्न नआएको देखिन्छ । नवीकरण बापत प्राप्त हुनुपर्ने राजश्व पालिकाले प्राप्त गर्न नसकेको हुँदा आवश्यक अनुगमन साथै करदाता शिक्षा वृद्धिका कार्यक्रमहरु सञ्चालन गर्दै व्यावसाय नवीकरणलाई कार्यलाई प्रोत्साहित गर्नु पर्दछ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : तमानखोला गाउँपालिका, बाग्लुङ , तमानखोला गाउँपालिका , बाग्लुङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | अमित परियार | २०८१-१०-०७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सुदर्शन कुसारी | २०७८-१२-२६ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १५५,६३९ | ४७७,४२० | ८१७,४७३ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १,४५०,५३२ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ७३८,११२ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ७१२,४२० |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ३६११७१४३.६३ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | १९२८६१५०४.२८ | चालु खर्च | १७७९२२२८५.६३ |
| प्रदेश सरकारबाट अनुदान | १४२१०२३३.३९ | पूँजीगत खर्च | ७१४२२७३०.११ |
| राजश्व बाँडफाँट | ६६७३६२८८.८७ | वित्तीय/अन्य व्यवस्था | ९५००२९०३.१६ |
| आन्तरिक आय | ३२३०६५७.३८ | | |
| अन्य आय | ७५५१६०४४.३४ | | |
| कुल आय | ३५२५५४७२८.२६ | कुल खर्च | ३४४३४७९१८.९० |
| बाँकी मौज्दात | | ४४३२३९५२.९९ | |

## अनुसूची - २

## बेरुजु दफा ५.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ६,८७,९९,५८२.८४ | ० | ६,८७,९९,५८२.८४ | ६,२०,७४,३६४.८७ | ० | ६,२०,७४,३६४.८७ |
| १३००० | अनुदान | | १८,७७,१७,६७७.८४ | ० | १८,७७,१७,६७७.८४ | १८,७७,२३,५९६.६४ | ० | १८,७७,२३,५९६.६४ |
| १४००० | अन्य राजस्व | | १४,१०,३४२.०४ | ० | १४,१०,३४२.०४ | १७,५२,३४९.५३ | ० | १७,५२,३४९.५३ |
| १५००० | विविध प्राप्ति | | ४८,४३५.०० | ० | ४८,४३५.०० | १२,३४७.०० | ० | १२,३४७.०० |
| क | **कुल जम्मा प्राप्ति** | | २५,७९,७६,०३७.७२ | | २५,७९,७६,०३७.७२ | २५,१५,६२,६५८.०४ | | २५,१५,६२,६५८.०४ |
| ३ | चालु | | १८,०४,८१,०८५.६३ | ० | १८,०४,८१,०८५.६३ | १७,४६,३३,१२४.२१ | ० | १७,४६,३३,१२४.२१ |
| २१००० | पारिश्रमिक / सुविधा | | ११,८४,८६,४६४.३३ | ० | ११,८४,८६,४६४.३३ | ११,२४,८२,४९३.९४ | ० | ११,२४,८२,४९३.९४ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ३,२३,७३,०५०.३० | ० | ३,२३,७३,०५०.३० | ३,८१,९९,५९५.२७ | ० | ३,८१,९९,५९५.२७ |
| २५००० | सहायता (Subsidy) | | ९७,१८,४०७.०० | ० | ९७,१८,४०७.०० | ८२,९२,९२७.०० | ० | ८२,९२,९२७.०० |
| २६००० | अनुदान | | ४६,३४,९९०.०० | ० | ४६,३४,९९०.०० | ३२,२७,७१९.०० | ० | ३२,२७,७१९.०० |
| २७००० | सामाजिक सुरक्षा | | १,३६,५६,६२४.०० | ० | १,३६,५६,६२४.०० | १,०५,६२,७८९.०० | ० | १,०५,६२,७८९.०० |
| २८००० | अन्य खर्च | | १६,११,५५०.०० | ० | १६,११,५५०.०० | १८,६७,६००.०० | ० | १८,६७,६००.०० |
| ४ | पूंजीगत | | ७,१४,२२,७३०.११ | ० | ७,१४,२२,७३०.११ | ८,११,८७,९०२.०० | ० | ८,११,८७,९०२.०० |
| ३१११० | भवन तथा संरचना | | १,५०,०४,४३१.०० | ० | १,५०,०४,४३१.०० | २,०४,६५,४९९.०० | ० | २,०४,६५,४९९.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ११,३६,२०१.०० | ० | ११,३६,२०१.०० | २८,३४,६९८.०० | ० | २८,३४,६९८.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | ४,७८,५५०.०० | ० | ४,७८,५५०.०० | ३१,८४,१५९.०० | ० | ३१,८४,१५९.०० |
| ३११४० | सुरक्षा उपकरण | | ० | ० | ० | ४,९४,७९१.०० | ० | ४,९४,७९१.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ३,७९,१८,९६९.११ | ० | ३,७९,१८,९६९.११ | ४,३६,३०,६६१.०० | ० | ४,३६,३०,६६१.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ५,००,०००.०० | ० | ५,००,०००.०० | १६,१६,००५.०० | ० | १६,१६,००५.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | १,६३,८४,५७९.०० | ० | १,६३,८४,५७९.०० | ८९,६२,०८९.०० | ० | ८९,६२,०८९.०० |
| ख) | **कुल जम्मा भुक्तानी** | | २५,१९,०३,८१५.७४ | | २५,१९,०३,८१५.७४ | २५,५८,२१,०२६.२१ | | २५,५८,२१,०२६.२१ |
| ग) | **बचत/कमी (ग = क-ख )** | | ६०,७२,२२१.९८ | | ६०,७२,२२१.९८ | (४२,५८,३६८.१७) | | (४२,५८,३६८.१७) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)** | | २१,३४,५८७.३८ | | २१,३४,५८७.३८ | ११,६५,८७६.४३ | | ११,६५,८७६.४३ |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | ८२,०६,८०९.३६ | | ८२,०६,८०९.३६ | (३०,९२,४९१.७४) | | (३०,९२,४९१.७४) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ३,६१,१७,१४३.६३ | | ३,६१,१७,१४३.६३ | ३,९२,०९,६३५.३७ | | ३,९२,०९,६३५.३७ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ४,४३,२३,९५२.९९ | | ४,४३,२३,९५२.९९ | ३,६१,१७,१४३.६३ | | ३,६१,१७,१४३.६३ |

## बेरूजु दफा २५.३ सँग सम्बन्धित विवरण - अनुसूची -४

| शिक्षक विद्यार्थी अनुपात २०८१ | | | | |
|---|---|---|---|---|
| क्र.सं. | विद्यालयको नाम | विद्यार्थी | शिक्षक संख्या | विद्यार्थी शिक्षक अनुपात |
| १ | श्री जन जागृति मा.वि. | २७७ | १७ | १६.२९ |
| २ | श्री धन गौ ज्योति मा.वि. | २७६ | १७ | १६.२४ |
| ३ | श्री शान्ति मा.वि. | २४१ | १६ | १५.०६ |
| ४ | श्री बुद्ध आ.वि. | १९३ | १० | १९.३० |
| ५ | श्री मंगला आ.वि. | ११२ | १० | ११.२० |
| ६ | श्री जनज्योती आ.वि. | १६९ | ८ | २१.१३ |
| ७ | श्री सरस्वती आ.वि. | १९२ | १२ | १६.०० |
| ८ | श्री खोलेस्बाङ आ.वि. | १४८ | १० | १४.८० |
| ९ | श्री विष्णु आ.वि. | ९३ | ९ | १०.३३ |
| १० | श्री हिले प्रा.वि. | ४९ | ५ | ९.८० |
| ११ | श्री किरी प्रा.वि. | १९ | २ | ९.५० |
| १२ | श्री जनता प्रा.वि. | १९ | ३ | ६.३३ |
| १३ | श्री डिल्ली प्रा.वि. | २७ | ४ | ६.७५ |
| १४ | श्री मालिका प्रा.वि. | ७ | १ | ७.०० |
| १५ | श्री भगबती प्रा.वि. | ५२ | ५ | १०.४० |
| १६ | श्री देउराली प्रा.वि. | ६३ | ४ | १५.७५ |
| १७ | श्री परमेश्वर प्रा.वि. | १५ | २ | ७.५० |
| १८ | श्री विद्यासागर प्रा.वि. | ३२ | ३ | १०.६७ |
| १९ | श्री जनमोती प्रा.वि. | ६१ | ४ | १५.२५ |
| २० | श्री भुमे प्रा.वि. | ५४ | ४ | १३.५० |
| २१ | श्री शिल्गुम प्रा.वि. | ६३ | ४ | १५.७५ |
| | जम्मा | २१६२ | १५० | १४.४१ |

## बेरूजु दफा २५.९ सँग सम्बन्धित विवरण - अनुसूची -५

| क्र.सं. | विद्यालय | सा.ले.प. |
|---|---|---|
| १ | जन जागृती मा.वि. | १५०००.० |
| २ | शान्ती मा.वि. | १५०००.० |
| ३ | धन गौ ज्योति मा.वि. | १५०००.० |
| ४ | बुद्ध आ.वि. | १००००.० |
| ५ | जनज्योती आ.वि. | १००००.० |
| ६ | मंगला आ.वि. | १००००.० |
| ७ | खोलेस्बाङ आ.वि. | १००००.० |
| ८ | सरस्वती आ.वि | १००००.० |
| ९ | विष्णु आ.वि. | १००००.० |
| १० | जनता प्रा.वि. | १००००.० |
| ११ | भुमे प्रा.वि. | १००००.० |
| १२ | विद्यासागर प्रा.वि. | १००००.० |
| १३ | किरी प्रा.वि. | १००००.० |
| १४ | डिल्ली प्रा.वि. | १००००.० |
| १५ | हिले प्रा.वि. | १००००.० |
| १६ | भगवती प्रा.वि. | १००००.० |
| १७ | परमेश्वर प्रा.वि. | १००००.० |
| १८ | देउराली प्रा.वि. | १००००.० |
| १९ | शिल्गुम प्रा.वि. | १००००.० |
| २० | जनमोती प्रा.वि. | १००००.० |
| २१ | मालिका प्रा.वि. | १००००.० |
| **कुल जम्मा** | | **२२५०००.०** |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।